काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिकामा पर्ने सुनकोशी नदीको जागती (रानीदह बगर) र दोभानटार बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् कार्यका लागि गरिएको

# प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन
# Initial Environmental Exmination (IEE) Report



**पेश गरिएको निकायः**
जिल्ला समन्वय समितिको कार्यालय,
धुलिखेल, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल

**प्रस्तावकः**
चौरी देउराली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काभ्रेपलाञ्चोक

कार्तिक, २०७५

विषयसुची

कार्यकारी सारांश

अध्याय एक ........................................ १

१ परिचय ........................................ १

१.१ प्रस्तावको नाम ........................................ १

१.२ प्रस्तावको नाम र ठेगाना ........................................ १

१.३ IEE प्रतिवेदन तयार पार्ने संस्था ........................................ १

१.४ प्रस्तावको पृष्ठभूमि ........................................ १

१.५ IEE को उद्देश्य ........................................ २

अध्याय दुई ........................................ ३

२ प्रस्तावको सामान्य परिचय ........................................ ३

२.१ प्रस्तावको प्रकार ........................................ ३

२.२ प्रस्तावको प्रमुख विशेषताहरु ........................................ ३

२.३ प्रस्तावको विवरण ........................................ ४

२.४ प्रस्ताव क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवाको दिगो उत्खनन/संकलन ........................................ ८

अध्याय तीन ........................................ १०

३ अध्ययन विधि ........................................ १०

३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण ........................................ १०

३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र अवलोकन ........................................ १०

३.३ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं सिफारिस पत्रहरु ........................................ १०

३.४ तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान/अनुमान/मुल्याङ्कन, प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव एवं प्रतिवेदन तयारी १०

अध्याय चार ........................................ १२

४ विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन ........................................ १२

४.१ वातावरण सम्बन्धित नीति ........................................ १२

४.२ वनक्षेत्रको नीति २०४६ ........................................ १२

४.३ सान्दर्भिक ऐन तथा नियमहरु ........................................ १३

४.४ निर्देशिका तथा दिग्दर्शनहरु ........................................ १४

४.५ ढुङ्गा, गिट्टी वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्चको निर्णय ........................................ १५

मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय-२०७०/०२/२१ ........................................ १८

मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय-२०७०/०३/२७ ........................................ १९

वन तथा भू-संरक्षण मन्त्रीज्यूका अध्यक्षतामा बसेको बैठकको निर्णय-२०७०/११/२० ........................................ १९

अध्याय पाँच ........................................ २१

५ वस्तुगत वातावरणीय अवस्थाको बयान ........................................ २१

५.१ भौतिक वातावरण ........................................ २२

५.२ जैविक वातावरण ........ २३
५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ........ २४
अध्याय छ ........ २७
६ प्रस्तावक कार्यान्वयनका विकल्पहरु ........ २७
६.१ प्रस्तावक कार्यान्वयन नगर्ने ........ २७
६.२ प्रस्तावकका विकल्पहरु ........ २७
अध्याय सात ........ २९
७ प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन ........ २९
७.१ अनुकूल प्रभाव ........ २९
७.२ प्रतिकुल प्रभाव ........ २९
अध्याय आठ ........ ३८
८ प्रभाव बढोत्तीकरण एबं न्युनिकरण गर्ने उपायहरु ........ ३८
८.१ प्रभाव न्युनीकरणका उपायहरु ........ ३८
अध्याय नौ ........ ४५
९ वातावरणीय व्यवस्थापन योजना ........ ४५
९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेबार निकायहरु ........ ४५
अध्याय दश ........ ५३
१० निष्कर्ष ........ ५३

अनुसुची

अनुसुची १ : स्वीकृत कार्यसूचीको छायाँप्रती
अनुसुची २ : प्रस्तावित क्षेत्रका नक्शाहरु
अनुसुची ३ : सार्वजनिक सुचनाटाँस/सार्वजनिक सुनुवाइको मुचुल्का तथा सिफारिस पत्र
अनुसुची ४ : संकलन क्षेत्रका सन्दर्भ तस्विरहरु

# कार्यकारी सारांश

## परिचय

यस प्रारम्भिक वातावरण परिक्षण (IEE) प्रतिवेदनले नेपालको काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्दा पर्न जाने प्रभावहरुको मूल्यांकन गर्दछ। यस अध्ययनको मुख्य उद्देश्य नै नदी नियन्त्रण गर्नका लागि नदीले थुपारेको ढुङ्गा, गिट्टी तथा बालुवा निकाल्दा स्थानिय वातावरणमा पर्न जाने प्रभावहरुको पहिचान गर्नु हो। यस कार्य गर्दा स्थानीय वातावरणमा केही सकारात्मक तथा केही नकारात्मक प्रभावहरु पर्न जाने छन्। यस अध्ययन प्रतिवेदनले सकारात्मक प्रभावहरुलाई प्रोत्साहित गर्ने तथा नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न उचित परामर्श दिएको छ।

नेपाल सरकारको विद्यमान वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ अनुसार कुनै पनि नदीबाट ढुङ्गा, गिट्टी तथा वालुवा निकाली निकासी गर्नु पूर्व उक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) अथवा वातावरण प्रभाव मूल्यांकन (EIA) गर्नु पर्ने हुन्छ। यस प्रस्तावमा दैनिक २३९ घनमिटर मात्र नदीले थुपारेको ढुङ्गा, गिट्टी र वालुवा निकालीने जुन दैनिक २५० घनमिटर भन्दा कम भएको हुँदा र नदी क्षेत्र संरक्षित राष्ट्रिय निकुञ्ज तथा तिनका मध्यवर्ती क्षेत्र तथा उच्च हिमाली क्षेत्रमा नपर्ने हुँदा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरिएको छ।

## विद्यमान वातावरणीय अवस्था

### भौतिक वातावरण

प्रस्तावित क्षेत्र काभ्रेपलाञ्चोक जिल्ला प्रदेश नं. ३ मा पर्दछ। ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने सुनकोशी नदी वाह्रमासे नदीमा पर्दछ। यस नदीको उद्गम स्थल तिब्बतको झाङ्गजाङ्गबो हिमनदी हो। यस नदीको सुरुवातको खण्डलाई भोटेकोशी भनिन्छ भने दोलालघाटमा इन्द्रावती नदी मिसिए पछि यस नदीलाई सुनकोशी भनिन्छ। यस खोलाको कुल लम्बाई करिब २०० कि.मि. रहेको छ। सुनकोशी नदीको प्रस्तावित क्षेत्रको सरदर उंचाइ भने समुद्री सतह देखि ५८० देखि ६१० मि. रहेको छ। ढुङ्गा, गिट्टी तथा बालुवा संकलन गरिने क्षेत्रहरु पहाडी क्षेत्रहरुमा पर्दछन्। प्रस्तावित संकलन क्षेत्रहरुका नजिकका क्षेत्रहरुमा पहिरो जाने, बाढीले कटानि गर्ने जस्ता जोखिमयुक्त स्थानहरु न्यून रहेका छन् भने अधिकतम भु-उपयोग पर्ति जग्गा र बुट्यान क्षेत्र रहेका छन्।

### जैविक वातावरण

ढुङ्गा, गिट्टी तथा वालुवा संकलन क्षेत्र कुनै संरक्षित क्षेत्र, राष्टिय निकुञ्ज तथा जैविक महत्वको संवेदनशील क्षेत्र भित्र पर्दैन। प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव क्षेत्रमा साल, चिलाउने, बिलाउने, सल्लो, सिमल, आँप, खयर, लहरे पिपल लगायत वनस्पतिहरु पाइन्छन्। फ्याउरो, बादर, सर्प, भ्यागुता, गगटो, काग, परेवा लगायतका जीव यस क्षेत्रमा पाइन्छन्। यस क्षेत्रमा कुनै र्दुलभ बनस्पति तथा दुर्लभ जीवजन्तु नभएको हुँदा ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन कार्यले यी जन्तुहरु संकटमा पर्ने छैन।

### सामाजिक तथा धार्मिक वातावरण

चौरी देउराली गाउँपालिका नेपालको प्रदेश नं. ३ मा अवस्थित एक गाउँपालिका हो । वि. सं. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गरेको थियो जसअनुसार चौरी देउराली गाउँपालिकामा ९ वटा गा. वि. स. हरु सानो बाङ्गथली, नाग्रेगागर्चे, माझिफेदा, धुसेनी शिवालय, कात्तिके देउराली, मादनकुँडारी, विर्तादेउराली र गोठपानी गाभेर आजको चौरी देउराली गाउँपालिका बनेको हो । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस चौरी देउराली गाउँपालिकामा पर्ने साविकका गा.वि.स. हरुको कुल जनसंख्या २०,८२९ रहेको छ जस्मा पुरुष सख्या ९,४६८ र महिला संख्या ११,३६१ रहेको पाइन्छ । यस गाउँपालिकाको घर परिवार संख्या ४,६६४ रहेको छ जसमा औषत परिवार ४.४६ रहेको पाइन्छ । अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन् । जिविकोपार्जनको लागि यस क्षेत्रका मानिसहरुले व्यापार, व्यवसाय, सरकारी सेवा, तथा वैदेशिक राजगारका अवसरलाई पनि अवलम्वन गरेको पाइन्छ । मुख्य बजार क्षेत्रमा व्यवसायमा लागेका व्यवसायीहरु पसल, होटल र घरेलु व्यापार आदिमा लागेको पाइन्छ । चौरी देउराली न. पा. वासीहरुले खाना पकाउन मुख्य रुपमा दाउराको प्रयोग गरेका छन् भने केही घरहरुमा एलपी ग्यास, मट्टीतेल, बिजुली र वायोग्यास प्रयोग भएको पाइन्छ । यस क्षेत्रका वासीहरुले खानेपानीको लागि मुख्यस्रोतको रुपमा धारा तथा पाइप रहेको छ । त्यसैगरी मुलधाराको पानी पनि प्रयोग हुने गरेको पाइयो । उच्च प्रभाव क्षेत्रमा कुनै पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु पर्दैन ।

**वातावरणीय प्रभावहरु**

**सकारात्मक प्रभाव**

मुख्यतः प्रस्ताव कार्यान्वयन गर्दा नदीले थुपारेको ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थले नदीको सतह बढाउने, नदीले धार फेर्ने र दैविक प्रकोप निम्त्याउने जस्ता विपतिहरुको रोकथाम हुन्छ । यसको अलवा प्रस्ताव कार्यान्वयनबाट गाउँपालिकाको करको दायरा बढेर राजश्व श्रोतमा वृद्धि हुन गई स्थानीयस्तरमा सेवा प्रवाह गर्न सहज हुनेछ । आयोजना कार्यान्वयनले स्थानीयबासीलाई रोजगारीको अवसर सिर्जना गर्छ । प्रस्ताव कार्यान्वयन हुंदा स्थानिय श्रमशक्ति खपत हुनेछ । यसबाट स्थानीयबासीले आफ्नो दैनिक आवश्यकताका वस्तुहरुको परिपूर्ति गरी आफ्नो जिवनस्तरमा परिवर्तन ल्याउने छन्।

**नकारात्मक प्रभाव**

ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन गर्दा तोकिएको परीमाण भन्दा बढी र अव्यवस्थित ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन गर्नाले नदीले आफ्नो प्राकृतिक वहाव परिवर्तन गरी नदी किनार कटान र वाढी निम्त्याउन सक्नेछ । साथै, पुल नजिकै जथाभावी ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन कार्य गरेमा पुल भाँसिन सक्दछ । नदीजन्य पदार्थ ओसार प्रसार गर्दा बाटो बिग्रनुका साथै धुलो धुवाँको कारणले स्थास्थ्यमा प्रतिकूल असर पर्न सक्छ । यस बाहेक प्रस्ताव कार्यान्वयन गर्दा अन्य कुनै नकारात्मक प्रभाव पर्नेछैनन् ।

**प्रभाव न्यूनीकरणका उपायहरु**

ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन कार्यमा संलग्न कामदारबाट स्थानीय वन तथा वातावरणमा हुन सक्ने नकारात्मक क्रियाकलापहरुको न्यूनीकरणको लागि संकलन कार्य दिउँसोमा मात्र संचालन गर्न अनुमति दिइनेछ । वर्खाको समयमा नदीबाट संकलन गर्न दिइने छैन ।

ढुङ्गा, गिट्टी, वालुवा संकलन/उत्खनन कार्य गर्दा धुलो उत्सर्जन हुन्छ । त्यसैगरी ढुवानी साधनहरुको आवागमनले पनि पर्याप्त धुलो उत्सर्जन हुन्छ । यसको न्यूनीकरणको लागि ढुवानी साधनमा सामग्री लोड गरिसकेपछि त्रिपालले ढाक्ने व्यवस्था मिलाईने छ ।

ढुङ्गा, गिट्टी, वालुवाको संकलन/उत्खनन गर्दा कामदारहरुलाई चोटपटक लाग्न सक्छ । धुलोको कारणले स्वास-प्रस्वास र आँखाका रोगहरु लाग्न सक्छन । ढुवानी साधनहरुको आवत जावतले आकस्मिक दुर्घटनाको सम्भावना पनि त्यतिकै रहन्छ । यस्ता प्रकृतिका प्रतिकूल असर न्यूनीकरण गर्न कामदारहरुलाई स्वास्थ्य तथा सुरक्षाका आधारभूत ज्ञान र औषधि उपचारको लागि प्राथमिक उपचारका सामग्रीहरु जस्तै बेटाडिन, व्याण्डेज प्याड, टेप आदि उपलव्ध गराइने छ ।

## प्रभाव न्यूनिकरणका लागि गरिने कृयाकलाप र बजेट

वातावरणीय प्रभावलाई न्यूनिकरण गर्नका लागि अवलम्वन गरिएका कृयाकलापको कार्यान्वयन पक्ष महत्वपूर्ण हुनेछ । वातावरणीय प्रभाव न्यूनिकरण सम्वन्धि अनुगमन गरिने कृयाकलाप, नदी किनार कटान, पहुचमार्ग मर्मत तथा निर्माण र वाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनिकरणका लागि जम्मा **रु. १०,००,०००** अनुमानित गरिएको छ ।

## वातावरणीय व्यवस्थापन योजना

प्रस्ताब कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभाबलाई अधिकतम गर्न तथा नकारात्मक प्रभाबलाई न्यूनीकरण गर्न त्यस्ता उपायहरुको पहिचान गरी तिनीहरुको प्रभाबकारी कार्यान्वयनको लागि आबश्यक मानविय श्रोत र बजेट समेतको ब्यबस्था गर्न सिफारीस गरिएको छ । यसका लागी सम्बन्धित निकायले अनुगमन व्यवस्थापन योजना बनाई आधार-रेखा, नियमपालन, प्रभाव अनुगनम प्रक्रियालाई सशक्त गरिए मात्र उत्खनन् कार्य दिगो र वातावरणमैत्री हुन सक्नेछ ।

## निश्कर्ष

प्रस्ताव कार्यान्वयनको चरणमा दैनिक २३९ घनमिटर मात्र नदीजन्य वस्तुको संकलन गरिने हुँदा ठूलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति देखिदैन । प्रभाव न्यूनीकरणका उपायहरुलाई कार्यान्वयन गरी नियमितरुपमा अनुगमन गर्दा वातावरण मैत्री प्रस्ताव कार्यान्वयन हुनेछ।

विकल्पहरुको विश्लेषणमा यो प्रस्तावमा सुझाईएका न्यूनीकरणका उपायहरु अवलम्बन गर्दै न्यूनीकरणका कार्यक्रमहरुको कार्यान्वयन गरी ती उपायहरुको अनुगमनको सुनिश्चितता गरी उपरोक्त अनुसारका ढुङ्गा, गिट्टी, वालुवा जस्ता श्रोत संकलन तथा बिक्री वितरण गर्न जिल्लाको योजना कार्यान्वयन गर्न, यो प्रस्ताव कार्यान्वयनका लागि सिफारिस गर्न सकिने स्पष्ट रुपमा देखिएकोले स्विकृतिका लागि प्रस्ताव गरिएको छ । साथै प्रस्ताव कार्यान्वयन गर्दा प्रारम्भिक वातावरणीय परिक्षण मात्र गरे पुग्ने र वातावरणीय प्रभाव मूल्यांकन गर्न आवश्यक नरहेको देखिएको छ ।

# अध्याय एक

# १ परिचय

## १.१ प्रस्तावको नाम

काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन पूर्व प्रारम्भिक वातावरण परिक्षण गर्नु हो ।

## १.२ प्रस्तावको नाम र ठेगाना

श्री चौरी देउराली गाउँकार्यपालिकाको कार्यालय,
चौरी देउराली, काभ्रेपलाञ्चोक
फोन नं:
Email:
Web:

## १.३ IEE प्रतिवेदन तयार पार्ने संस्था

समृद्ध नेपाल इन्जिनियरिङ्ग सर्भिसेस एण्ड रिसर्च सेन्टर प्रा.लि., काठमाडौं
फोन नं.- ९८५१२२८८०६

### अध्ययन टोली

| | |
|---|---|
| डा. विकास अधिकारी | टोली प्रमुख (वातावरणविद्) |
| सुभास ढकाल | वातावरणविद् |
| दिपक गुरुङ्ग | समाजशास्त्री |
| विशाल शर्मा | जिवशास्त्री |
| आयुष त्रिताल | भुभर्गशास्त्री |

## १.४ प्रस्तावको पृष्ठभूमि

काभ्रेपलाञ्चोक जिल्ला भएर बग्ने सुनकोशी नदी बगर क्षेत्रमा विभिन्न किसिमका निर्माण सामग्री जस्तै ढुङ्गा, गिट्टी तथा वालुवाहरु उपलव्ध हुदै आइरहेका छन् । यी निर्माण सामाग्रीहरुको दिगो एवं वातावरणमैत्री संकलन तथा प्रयोगले स्थानीय ढुवानीकर्ता, संकलनकर्ता तथा निर्माण क्षेत्रमा काम गर्ने ज्यामी मजदूरहरुको जीवन स्तरमा बृद्धि हुनुको साथै घर तथा बाटो निर्माणको सामाग्रीको (ढुङ्गा, गिट्टी, वालुवाको) उपलब्धतामा बृद्धि हुनेछ ।

वर्षाको समयमा काभ्रेपलाञ्चोक जिल्लाको यस चौरी देउराली गाउँपालिका भएर बग्ने सुनकोशी नदीले ढुङ्गा, गिट्टी, वालुवा तथा नदीजन्य पदार्थ थुपार्ने गर्दछ । यी सामाग्री नदीको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । साथसाथै यी थुपारिएका सामाग्री निमार्ण कार्यमा ज्यादै उपयोगी हुन्छन् । जनसंख्या वृद्धि र शहरीकरण र सडक निमार्णको गतिलाई हेर्दा काभ्रेपलाञ्चोक जिल्लामा निमार्ण सामाग्रीको माग बढि रहेको छ । सम्बन्धित निकायले यी सामाग्रीको दिगो एवं वातावरणमैत्री संकलन/उत्खनन गर्ने योजना बनाएको छ जसले गर्दा स्थानीय रुपमै निमार्ण सामाग्री उपलब्ध हुनेछ साथै प्रकोप न्युनिकरण पनि हुनेछ । यसबाट सम्बन्धित निकायलाई राजश्व संक्लन गर्नमा सघाउ पुग्ने र जिल्लाको आय श्रोतमा बृद्धि हुने देखिन्छ । वातावरण संरक्षण ऐन २०५३ र नियमावलि २०५४ अनुसार, प्रति दिन २५० घन मि.(संसोधन, २०७३) सम्म ढुङ्गा, गिट्टी, तथा बालुवा निकाल्ने अवस्थामा खोला तथा नदीहरुलाई प्रारम्भिक वातावरणीय परिक्षण गरिनु पर्ने भएकोले यो कार्य अगाडी बढाइएको छ ।

## १.५ IEE को उद्देश्य

काभ्रेपलाञ्चोक जिल्लाको सुनकोशी नदीको बगरक्षेत्रबाट ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्दा स्थानीय जैविक, भौतिक, रासायनिक तथा सामाजिक-सांस्कृतिक वातावरणमा पर्ने असरहरुबारे लेखाजोखा गरी दिगो रुपमा जिल्ला भित्रको उक्त नदिको बगरक्षेत्रहरुबाट ढुंगा, गिट्टी, तथा बालुवा संकलनमा टेवा पऱ्याउन प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को प्रमूख उद्देश्य रहेको छ । अन्य बिशिष्ट उद्देश्यहरु निम्मानुसार रहेका छन् :

- प्रस्ताव क्षेत्र एवं प्रभावित क्षेत्रको भौतिक, जैविक, सामाजिक/आर्थिक तथा सामाजिक वातावरणको लिखत तयार पार्ने
- प्रस्ताव क्षेत्र वरिपरि वसोबास गर्ने बासिन्दाहरुको राय सुझाव समेत संकलन गरि परियोजनालाई वातावरण मैत्री बनाउने .
- प्रस्ताव कार्यान्वयनका कारणले वातावरणमा देखिन सक्ने सम्पुर्ण सकारात्मक तथा नकारात्मक असरहरु पहिल्याउने
- प्रस्तावको प्रभावहरु पहिचान, समीक्षा एवं वर्गीकरण गर्ने
- दिगो संकलन विधि कार्यान्वयनका लागि सिफारिस गर्ने
- प्रतिकूल प्रभावलाई न्युनिकरण गर्ने र अनुकूल प्रभावलाई अधिकतम गर्ने उपायहरु अबलम्बन गर्न सुझाव दिने
- प्रस्तावित क्षेत्रको प्रस्ताव कार्यान्वयनका लागि अनुगमन विधि तय गर्ने
- वातावरणिय ब्यवस्थापन योजना स्पष्ट पार्ने
- प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा जानकारी गराई उचित निर्णय लिन निर्णयकर्तालाई सघाउ पुऱ्याउने

# अध्याय दुई

## २ प्रस्तावको सामान्य परिचय

### २.१ प्रस्तावको प्रकार

यो प्रस्ताव काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट गरिने ढुङ्गा, गिट्टी तथा वालुवाको दिगो एवं वातावरणमैत्री संकलन तथा उत्खनन कार्यका लागि गरिएको हो ।

प्रस्तावित क्षेत्रहरु देखि ५०० मि. भित्र कुनै पनि सार्वजनिक स्थलहरु, पक्की तथा झोलुङ्गे पुल, सिचाइँ, नहर आदि स्थलहरु नरहेकोले उक्त स्थलहरु नदीजन्य पदार्थ उत्खनन् कार्यका लागि उपयुक्त रहेको छ ।

### २.२ प्रस्तावको प्रमुख विशेषताहरु

तालिका न.२.१ : प्रस्तावको प्रमुख विशेषताहरु

| | | |
|---|---|---|
| १. | प्रस्तावको नामः काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका वडा नं ७ र ८ मा पर्ने सुनकोशी नदीको विभिन्न बगर क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा वालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन् गर्ने कार्यको प्रारम्भिक वातावरण परिक्षण अध्ययन । | |
| २. | प्रस्तावको अवस्थितिः | |
| | प्रदेश : | ३ |
| | जिल्ला : | काभ्रेपलाञ्चोक |
| | गाउँपालिका/नगरपालिका | चौरी देउराली गाउँपालिका |
| ३. | भौगोलिक/हावापानी प्रकृति एवं विवरण : | |
| | नदीको नाम र प्रकारः | सुनकोशी (बाह्रमासे नदी) |
| | भूवनोटःTerrain | पहाड |
| | माटो Soil | खुकुलो उर्बरा |
| | उचाई (समुद्र सतह माथिको) | ५८० देखि ६१० मि. सम्म |
| | हावापानी (Climate) | उच्च-उष्ण (Upper-Tropical) |
| ४. | संकलन/उत्खनन कार्य, स्थल र प्रकृयाः | |
| | संकलन/उत्खनन क्षेत्र | १. जागती बगर (रानीदह बगर) १, चौरी देउराली गाउँपालिका वडा नं. ६<br>२. जागती बगर (रानीदह बगर) २, चौरी देउराली गाउँपालिका वडा नं. ६<br>३. दोभानटार बगर १, चौरी देउराली गाउँपालिका वडा नं. ७<br>४. दोभानटार बगर २, चौरी देउराली गाउँपालिका वडा नं. ७ |
| | आक्षंश | 27°30'1.75"N देखि 27°32'31.57"N उत्तरी आक्षंश |
| | देशान्तर | 85°47'50.46"E देखि 85°46'1.55"E पुर्वी देशान्तर |

| | | |
|---|---|---|
| | संकलन/उत्खनन विधि | हाते औजर प्रयोग गरि उत्खनन गरिने छ |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी | संकलन/उत्खनन् कार्यमा डोजर, स्क्याभेटर, लोडर जस्ता मेशिन उपकरणहरु प्रयोग गर्न नपाउने र संकलन/उत्खनन् कार्यका लागि हाते औजार जस्तै खन्ती, बेल्चा, आदि प्रयोग गरेर गरिने छ र ढुवानी को लागि ट्रक तथा ट्राक्टरको प्रयोग गरिने छ । |
| | दैनिक/वार्षिक संकलन/उत्खननको परिमाण | दैनिक २३९ घ.मि., वार्षिक ६४,५३० घ.मि. |
| | संकलन /उत्खनन् गरीने अबधि | असोज १ गते देखि जेठ मसान्त सम्म (असार, श्रावण र भाद्रमा संकलन गर्नु पर्ने भएमा सम्बन्धित निकायको स्वीकृत लिएर मात्र संकलन तथा उत्खन्न गर्ने) |
| | संकलन/उत्खनन गरिने सामाग्रीहरु : | ढुङ्गा, गिट्टी, र वालुवा |
| | प्रस्तावत अर्न्तगतका कार्यहरु : | संकलन, उत्खनन तथा ढुवानी र प्रभाव न्युनिकरणहरुको कार्यान्वियन |
| | प्रभावित गाँउपालिका / नगरपालिका | चौरी देउराली गाउँपालिका |
| ५. | IEE प्रतिवेदनको वैधानिकता : | IEE प्रतिवेदन स्वीकृत भएको २ बर्ष सम्म |

## २.३ प्रस्तावको विवरण


### २.३.१ प्रस्तावको उद्देश्य

ढुङ्गा,गिट्टी, बालुवा जस्ता प्राकृतिक श्रोतहरुको संकलन/उत्खनन् कार्यका निम्न उद्देश्यहरु रहेका छन् ।

- पानीको कारणले हुने प्रकोपहरु जस्तै बाढी, भु-क्षय तथा नदी किनार कटान आदि न्युन गर्ने ।
- ढुङ्गा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् कार्यलाई दिगो एवं वातावरण मैत्री बनाउने ।
- रोजगारीका अवसरहरुको श्रृजना गरि राष्ट्रिय आय बृद्धि गर्न सघाउ पुर्‍याउने ।
- स्थानीयश्रोतको सदुपयोग गर्ने ।
- स्थानीयश्रोत संकलन र सदुपयोगको बैधानिक पद्धति कायम गर्ने ।
- स्थानिय बासीहरुलाई रोजगारमा बढि प्राथमिकता दिने ।
- प्रभावित क्षेत्रमा आएको आय आर्जनबाट बिकास निर्माणका कार्यहरुलाई बढि प्राथमिकता दिने ।

### २.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति

प्रस्ताव क्षेत्र काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको बगरक्षेत्रमा पर्दछ । प्रस्ताव क्षेत्रको आक्षंश, देशान्तर, संकलन/उत्खनन स्थल, उक्त स्थालमा जाने नजिकको पहुचमार्ग उल्लेख गरिएको छ साथै संकलन/उत्खनन क्षेत्रलाई Location Map/Google नक्शामा देखाईएको छ ।




तस्विरः गुगल नक्सा ( सुनकोशी नदी उत्खनन् क्षेत्र)

२.३.३ प्रस्तावित क्षेत्रमा यातायातको पहुच

ढुङ्गा, गिट्टी तथा वालुवा संकलन/उत्खनन गर्ने प्रस्तावित क्षेत्रहरु सुनकोशी कोरिडरबाट नजिकै पर्दछन् । ढुङ्गा, गिट्टी तथा वालुवा संकलन/उत्खनन गर्नकालागि प्रस्तावित सबै संकलन/उत्खनन स्थालमा जान पहुचमार्ग कच्ची बाटो रहेको छ । यस वाटोमा ढुवानीका साधन जस्तै ट्रिपर तथा ट्राक्टरहरु राम्ररी चल्न सक्दछन् ।

२.३.४ प्रस्तावको क्षेत्र निर्धारण

काभ्रेपलाञ्चोक जिल्लाको चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको विभिन्न बगरबाट ढुंगा गिट्टी, बालुवा उत्खनन्/संकलन क्षेत्र रहेको छ । यस बाट वार्षिक ६४,५३० घ.मि. उत्खनन् र ढुवानी गर्न सिफारिस गरिन्छ ।

## उच्च प्रभाव क्षेत्र

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ ।

**न्यून प्रभाव क्षेत्र**

सामाजिक तथा आर्थिक दृष्टिकोणबाट न्यून प्रभाव क्षेत्रको निर्धारण गरिएको छ। प्रस्तावित क्षेत्रको वरपरका २ कि. मि. वा ०.५ घण्टाको हिड्ने दूरी (बसोबासको आधारमा निर्धारण गरिने ) सम्म सामाजिक तथा आर्थिक विवरण संकलन तथा विश्लेषण गरिएको छ।

२.३.५ संकलन/उत्खनन र ढुवानी (कार्य र विधि)
प्रस्तावित नदी तथा खोलाबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन/उत्खनन् गर्दा मुख्यतया निम्न तरिकाहरु अवलम्बन गरिने छ :

- निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन कार्य स्थानिय जनशक्तिबाट हात र हाते औजारहरु जस्तै साबेल, हथौडा, कोदालो, गैति, आदिबाट गरिने, ठुला ठुला मेशिनरी औजार, डोजर, ब्याकहो आदि प्रयोग निषेध गर्ने।
- नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यमा संलग्न जनशक्तिलाई समाज तथा बातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव बारे सचेत गराईने।
- यस प्रतिवेदनले तोकिएको स्थानबाट मात्र ढुङ्गा, गिट्टी तथा वालुवा र मिस्कटको संकलन/उत्खनन् गर्ने तोकिएको दैनिक परिमाण भन्दा बढी उत्खनन नगर्ने।
- ढुवानीको हकमा ट्रयाक्टर, टिपरहरु प्रयोग गर्ने।
- वातावरणीय हिसाबले संवेदनशील क्षेत्रहरु जस्तै कल्भर्ट, कुलो, खानेपानीको मुहान तथा कुवा र पहिरो क्षेत्र आदि भएको स्थान वरिपरिबाट श्रोत बस्तु संकलन/उत्खनन् नगर्ने, त्यस्ता संवेदनशील क्षेत्रहरुबाट ५० मिटर परबाट मात्र उत्खनन गर्ने।
- विद्यमान नियम अनुसार पुल क्षेत्रको ५०० मि. नदीको माथि र तल सम्म उत्खनन् नगर्ने, त्यस्ता क्षेत्रको उत्खनन् बारेमा होर्डिङ्ग वा अन्य सूचना प्रदायक उपाय अवलम्बन गर्ने।
- नदी कटान हुन सक्ने स्थान वा कमजोर भुअवस्थिति भएको स्थानमा ग्याबियन वालको निर्माण गर्ने।
- नदीमा पानी भैरहेको वा वगिरहेको क्षेत्रवाट श्रोत ननिकाल्ने।
- नदीको धार परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने।
- नदीको किनार देखि करीब ५ मि. छोडेर उत्खनन् गर्ने।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी श्रोत उत्खन्न नगर्ने।
- उपरोक्त श्रोतहरु संकलनकार्य गर्दा समय, परिमाण आदि सबै उपलब्ध विषयलाई गम्भीरताका साथ हेरी त्यस सम्बन्धमा संकलनकर्ता, ठेकेदार र कामदारलाई तालिम दिई संकलन गरिने छ। त्यसरी संकलनगर्दा निस्केका उप-उत्पादन (प्रयोग नहुने हरुलाई उचित व्यवस्थापन गरिने छ।

**मेसिन प्रयोग कार्ययोजना**

सामान्यतया नदी क्षेत्रमा येक्साभेटर प्रयोग गर्न पाइदैन तर देहायको बिशेष परिस्थितीमा मसिन प्रयोगको कार्ययोजना तयार गरेर मात्र मेसिन प्रयोग गर्न सकिनेछ।

१. बाढि तथा जल उत्पन्न प्रकोपको खतरा दखिएको अवस्थामा जिल्ला दैविक प्रकोप उद्दार समितिको सिफारिशमा सो क्षेत्रको पदार्थ हटाउन।

२. सार्वजनिक विकास निर्माणको आयोजनाका लागि उक्त आयोजनाको आइ.इ.इ. प्रतिवेदनमा उल्लेख भए अनुसारको परिमाण को व्यवस्था गर्न।

३. प्रस्तावित संकलन क्षेत्रमा आइ.इ.इमा उल्लेख भए अनुसारको मात्रा उत्खनन गर्ने उल्लेखित चारकिल्ला अथवा सो बमोजिम चारकिल्ला निर्धारण गरि जि.स.स र गाउँपालिकाको अधिकृत प्राबिधिक कर्मचारी र जिल्ला प्रशासनको प्रतिनिधि कर्मचारीको रोहवरमा तोकिएको अबधिभित्र तोकिएको परिणाम निकाल्न ।

**भारी मेशिन प्रयोग गरी गरिने उत्खनन् कार्य योजना** (Excavation Plan)

उद्देश्य : यसको साधारण उदद्येष्य भनेको प्राकृतिक प्रकोपको न्यूनीकरण गरी नदीरखोलाको बहावलाई कायम गर्न सहयोग गर्ने हुनु पर्नेछ ।

प्रस्तावित स्थान : चार किल्ला खुलेको, खोला र स्थान Latitude/Longitufe/Altitude, polygonal maps, chainage

प्रस्तावित स्थानको अवस्थिति : प्रस्तावित स्थान विशेषको Latitude/ Longitude/ Altitude, polygonal maps, chainage, length, bredth, वरिपरि रहको बस्तीको समुन्द्र सतहदेखिको उचाई , प्रस्तावित संकलन स्थलको  समुन्द्री सतहदेखिको उचाई, प्रस्तावित क्षेत्र वरिपरिको सामाजिक, आर्थिक तथा जैविक विविधता सम्बन्धी जानकारी

विल्कपको विश्लेषण (Alternative Analysis):

- मेशिन प्रयोग गरी उत्खनन् नगर्दा जैविक, आर्थिक र सामाजिक रूपमा पर्ने असरहरू
- मेशिन प्रयोग गर्दा हुने आर्थिक, सामाजिक तथा वातावरणीय प्रभाव असरहरू
- मेशिन प्रयोग गरी उत्खनन् गर्दाका फाईदाहरू
- मेशिन प्रयोग गरी उत्खनन् गर्ने समयाविध, दिन संख्या, कूल परिमाण
- मेशिन प्रयोग गर्ने हो भने सो मशिनको स्पेसिफिकेशन (विवरण) स्– मेशिनको संख्या, मशिनको क्षमता, बकेटको साइज, Cross Sectional Bucket Analysis आदि

**मेसिन प्रयोग योजना**

| | |
|---|---|
| मशिन उपकरणको किसिम | |
| प्रयोग हुने स्काभेटरको संख्या | |
| प्रयोग गर्ने क्षेत्र | |
| प्रयोग गर्ने कारण | |
| प्रयोग गर्ने समय | |
| प्रयोग गर्ने महिना | |
| विधि, प्रकृया | |
| अधिकतम गहिराई एवं लम्बाइ र चौडाइ | |

| | |
|---|---|
| च्यानेज | |
| अनुमानित निकालिने परिमाण ( प्रति महिना) | |
| मूख्य वस्ती देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्मका औषत दुरी | |
| स्थानीय रोड देखि मेशिन उपकरणको प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी | |
| अन्य संवेदनशिल क्षेत्र भए | |

साथै २०७०/०२/२१ मा मन्त्रीपरिषद् को ढुङ्गा, गिट्टी, बालुवा समेतको व्यवस्थापनको राय-सुझावको

वुधा न ४ अनुसार राजमार्ग, खेतवारी, गाँउ, वस्ती, बजार, पुल जस्ता सार्वजनिक महत्वका क्षेत्रमा बाढी, पैह्रोले थुपारेको ढुंगा, गिटी, बालुवा, ग्रेगान हटाउनु पर्ने भएमा गाउँपालिकाले सम्बन्धित निकायहरुसंग समन्वय गरी रितपूर्वक प्राथमिकताका साथ हटाइ व्यवस्थापन गर्ने । संवन्धित निकायबाट त्यस्ता संवेदनशील क्षेत्रहरुको उचित संरक्षण र दीगो व्यवस्थापन गर्नुपर्ने । मेसिन औजार प्रयोग गरेर हटाउन सक्नेछ ।

वुधा न ७ अनुसार वन, राष्ट्रिय निकुज्ज, आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे श्रृङ्खला आसपास श्रेत्र एवं अन्य संवेदनशिल क्षेत्रबाट ढुंगा, गिटी, बालुवा उत्खनन् गर्दा डोजर, स्क्याभेटर, लोडर जस्ता हेभी इक्यूपमेन्ट प्रयोग गर्न नपाइने । तर माथि बँदा ४ बमोजिम हटाउनु पर्ने भएमा मेशिन औजार प्रयोग गर्ने बाधा नपुग्ने । अन्य क्षेत्रको हकमा स्वीकृत IEE/EIA प्रतिवेदनमा उल्लेख भए बमोजिमका मेशिन औजार प्रयोग गर्ने । गाउँपालिकाले मेसिन औजार प्रयोग गर्नु परेमा निम्न किसिमको मेसिन प्रयोग गर्नेछ ।

प्रकार : Backhoe

एक पटकमा उत्खनन् गर्न सक्ने क्षमता : ५ (क्यू.फुट.)

## २.४ प्रस्ताव क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवाको दिगो उत्खनन/संकलन

प्रस्तावित क्षेत्रमा बर्षेनि आउने बाढीले बगाएर ल्याएको ढुंगा, गिटी, बालुवा थुप्रिएर रहन्छन र यी बागाएर ल्याएका नदीजन्य पदार्थलाई उत्खनन् र ढुवानी गर्दा नदीले आफ्नो बाहाव परिवर्तन गर्दैन र नदीको आफ्नो गन्तब्य यथा स्थितिमा रहन्छ त्यसैले प्रस्तावित क्षेत्रमा ढुङ्गा, गिट्टी तथा बालवा निकाल्दा बर्षेनि नदीले बगाएर ल्याएका नदी जन्य पदार्थहरु मात्र निकाल्नु पर्नेछ, जस्ले गर्दा यस नदीको नदीजन्य पदार्थको उत्खनन्/संकलन दिगो रुपमा गर्न सकिन्छ।

उत्खनन् कार्यलाई वातावरण मैत्री र दिगो बनाउनको लागि समष्टिमा तपशिल वमोजिमका नियमहरु पालना गर्नु जरुरी देखिन्छ ।

- नदीको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थ निकाल्न नदिने ।
- नदीको धार नै परिवर्तन हुने गरी श्रोत संकलन नगर्ने ।
- नदीको पानीको सतहभन्दा गहिरो हुने गरी नदी किनारबाट श्रोत उत्खनन नगर्ने ।

२.४.१ संकलन/उत्खनन गरिने परिमाणको आंकलन

प्रभावित क्षेत्रमा स्थलगत अध्ययन गरेर निम्न तरिकाले ढुङ्गा,गिट्टी, बालुवा उत्खनन् र ढुवानि गरिने छ । यसरि घनमिटर निकाल्दा  उत्खनन् स्थलको लम्बाई, चैडाई, गहिराई लाई गुणन गरेर निकालिएको हो ।

**तालिका न.२.३: संकलन/उत्खनन गरिने परिमाणको आंकलन**

| क. स. | संकलन/उत्खनन स्थल | लम्बाई (मि.) | औसत चौडाई (मि.) | क्षेत्रफल | औसत गहिराई (मि.) | मौजुदा परिमाण (घ.मि.) | उत्खन्न गर्न सकिने परिमाण (घ.मि.) | समुद्री उचाइ | आक्षंश/देशान्तर | नदीजन्य पदाथ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जगाती बगर (रानीदह बगर) १, वडा नं. ६ | ३२० | १३० | ४१६०० | १.२ | ४९९२० | ४८०००<br>० | ५८२ | 27°32'37.21"N 85°46'39.12"E | ढुङ्गा : १५ %<br>गिट्टी : २५ %<br>बालुवा : ६० % |
| २ | जगाती बगर (रानीदह बगर) २, वडा नं. ६ | ३५० | २८ | ९८०० | ०.८ | ७८४० | ६७२० | ५९० | 27°32'22.22"N85°46'50.72"E | ढुङ्गा : २० %<br>गिट्टी : ३० %<br>बालुवा : ५० % |
| ३ | दोभानटार बगर १, वडा नं. ७ | १७५ | ४५ | ७८७५ | ०.८ | ६३०० | ५८८० | ५८५ | 27°30'29.61"N 85°47'40.42"E | ढुङ्गा : १५ %<br>गिट्टी : २५ %<br>बालुवा : ६० % |
| ४ | दोभानटार बगर २, वडा नं. ७ | १२० | ४५ | ५४०० | ०.८ | ४३२० | ३९३० | ५८५ | 27°30'20.10"N 85°47'51.58"E | ढुङ्गा : १५ %<br>गिट्टी : २५ %<br>बालुवा : ६० % |
| | **जम्मा** | | | | | ६८३८० | ६४,५३० | | | |

(नोट : मौजुदा परिमाणको करीब ९४% मात्र उत्खनन् गर्न सिफासिर गरिएको)

| **नदिजन्य पदार्थ** | **जम्मा** |
|---|---|
| दैनिक उत्खनन् सिफरिस गरिएको (क्यू.मि.) | २३९ |
| वर्षिक उत्खनन् सिफरिस गरिएको (क्यू.मि.) | ६४,५३० |
| वर्षिक उत्खनन् सिफरिस गरिएको (क्यू.फुट.) | २२,७८,८५८ |
| राजश्व (प्रति वर्ष) प्रति क्यू. फुट (३ नं. प्रदेश सरकारले निर्धारण गरेको रेट) | रु.९ |
| **कुल राजश्व (प्रति वर्ष)** | **रु.२,०५,०९,७१८** |

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ उपदफा १(च) बमोजिम ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, खरीढुङ्गा, अभ्रख, एकहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र गाउँपालिका वा नगरपालिकाले सङ्कलन गर्ने । त्यसैगरी स्थानीय सरकार सञ्चालन  ऐन, २०७४ को दफा ११ उपदफा २ घ(छ) बमोजिम गाउँपालिका वा नगरपालिकाले आफ्ना क्षेत्रभित्रका नदी नालाको ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ । वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय निकायका वातावरण शाखा पुर्णरुपले जिम्मेवार रहने छन् भन्ने समेतको व्यवस्था रहेको छ । हाल प्रदेश सरकारले करको दर रु. ९ (प्रति क्यु. फुट) निर्धारण गरेकोले सोही अनुरुप राजश्व उठाउन सक्ने छ ।

# अध्याय तीन

## ३ अध्ययन विधि

यस प्रभावित क्षेत्रको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन गर्दा वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ (२०६४ संसोधन सहित)मा व्यवस्था भएका प्रकृयाहरुको अनुशरण गरी प्रारम्भिक वातावरण परिक्षणका लागि प्रस्तावित क्षेत्रमा गएर त्यहाँका स्थानिय बासीन्दाहरु, पदाधिकारी, बुद्धिजिबिहरु, राजनितिक दलका प्रतिनिधहरुसंग ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा वातावरणमा पर्नजाने असरवारे छलफल गरेर वातावरणीय अवस्थाको अध्ययन गरिएको छ । यसको अध्ययन गर्दा प्रारम्भिक वातावरणीय परिक्षण विधिका निम्न सैद्धान्तिक पक्षहरुको प्रयोग गरिएको छ ।

### ३.१ प्रकाशित/उपलब्ध जानकारी र तथ्याङ्कको पुनरावलोकन एवं संश्लेषण

चौरी देउराली गाउँपालिका क्षेत्रमा पर्ने सुनकोशी नदीको विभिन्न प्रारम्भिक वातावरण परिक्षण गर्दा यस क्षेत्रको भौगोलिक अवस्था, भु उपयोगको स्थिति जस्ता भौतिक बातावरणसंग सम्बन्धित जानकारी प्राप्त गर्न टोपोग्राफी नक्सा, गाउँपालिका तथा जि.स.स. प्रोफाइलहरुको प्रयोग गरिएको छ । त्यसै गरि जैविक बातावरण सम्बन्धित जानकारी जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक कार्यालयबाट प्राप्त दस्तावेजहरुबाट प्रयोग गरिएको छ। सामाजिक आर्थिक अवस्था संग सम्बन्धित जानकारीका लागि जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोक, जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक, जिल्ला जनस्वास्थ कार्यालय, काभ्रेपलाञ्चोकबाट प्रकाशित प्रकाशनहरु, नक्साहरु तथा उपलव्ध तथ्यांकहरुको साथै बैधानिक र कानुनी नीति, ऐन, नियम, निर्देशिकाहरुको अध्ययन गरीएको ।

### ३.२ फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र अवलोकन

यस प्रारम्भिक बातावरण परिक्षणको उद्देश्यहरु पुरा गर्नका लागि जानकारी संकलनको बिभिन्न तरिकाहरु जस्तै स्थलगत भ्रमण, समुह छलफल, घरधुरी सर्भेक्षण समेत गरिएको थियो । प्रस्तावित क्षेत्रको भौतिक तथा जैविक बातावरणीय जानकारीहरु उच्च प्रभाव क्षेत्र तथा मध्यम प्रभाव क्षेत्रबाट संकलन गरि बिश्लेषण गरिएको छ। आर्थिक सामाजिक जानकारी प्रस्तावित क्षेत्रको संकलन गरि विश्लेषण गरिएको छ ।

फिल्ड सर्भे तथा प्रस्ताव क्षेत्र अवलोकन क्रममा स्थानिय ब्यक्ति, गाउँपालिका पदाधिकारी तथा प्रतिनिधिहरु संगको अन्तरवार्ता, परामर्श बैठक, बिषय विज्ञको स्थलगत भ्रमण आदि बिधिहरुको प्रयोग गरिएको थियो ।

### ३.३ सार्वजनिक सूचना, सार्वजनिक सुनुवाई एवं सिफारिस पत्रहरु

<u>सार्वजनिक सूचना</u>

वातावरण संरक्षण नियमावली, २०५४, अनुसुची १ को(इ) खानी क्षेत्र शीर्षकको विषय नं. २ (घ) बमोजिम काभ्रेपलाञ्चोक जिल्लाको सुनकोशी नदीको प्रारम्भिक वातावरण परिक्षण तयार गर्दा सरोकारवालाहरुको राय सुझाव हासिल गर्न मिति २०७५/६/१२ गते सौर्य राष्ट्रिय दैनिकमा सार्वजनिक सुचना प्रकाशन गरिएको थियो । त्यसपछि प्रस्ताव कार्यन्वयनका बारेमा आफ्ना बिचार, राय सुझाव १५ दिनभित्र चौरी देउराली गाउँपालिकाको कार्यालयमा उपलब्ध गर्न अनुरोध गर्दै योजना क्षेत्र वरपरका कार्यलयहरुमा सार्वजनिक सुचना टाँस गरिएको थियो ।

### ३.४ तथ्याङ्क विश्लेषण प्रभावहरुको पहिचान/अनुमान/मुल्याङ्कन, प्रभाव न्युनिकरण विधिहरुको पहिचान सुझाव एवं प्रतिवेदन तयारी

वातावरण सम्बन्धि बिभिन्न पक्षहरु बिचको आन्तरिक सम्बन्धको पहिचान गरि बिश्लेषण गर्नकालागि बिभिन्न बिषय विज्ञहरु सम्मिलित टोलीले छलफल गरेको थियो । वातावरणीय प्रभावको पहिचान र यसका संभावित न्युनिकरण तथा बढोत्तिकरणका उपायहरु बारे र वातावरणीय अनुगमन योजनाको तयारीको बारेमा टोलीले सामुहिक निर्णय गरेको थियो । त्यस क्षेत्रको भौतिक, जैविक, आर्थिक सामाजिक तथा साँस्कृतिक वातावरण बारे स्थलगत तथ्यांक संकलन गरि वातावरण संरक्षण नियमावली २०५४ अनुसार न्युनिकरणका उपाय तथा अनुगमन योजना समेत

प्रस्तुत गरिएको छ । कुनै पनि काम गर्दा त्यसका सकरात्मक र नकारत्मक असरहरु पर्दछन् यसरी ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा बिभिन्न किसमका सामाजिक, आर्थिक, भौतिक, संस्कृतिक प्रभावहरु पर्दछन् ।

# अध्याय चार

## ४ विधान, नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं सम्मेलनहरुको पुनरावलोकन

### बिद्यमान सान्दर्भिक नीति तथा कार्यनीतिहरु

### नेपालको संविधान

नेपालको संविधान, २०७२ ले प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्ने हक हुनेछ भनी धारा ३० अन्तर्गत स्वच्छ वातावरणको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। त्यस्तै धारा ५१ को उपधारा छ मा राज्यका नीतिहरु अन्तर्गत प्राकृतिक श्रोतको संरक्षण, संवर्धन र उपयोगका सम्बन्धमा बिभिन्न नीतिहरु अवलम्बन यस संविधानले गरेको छ । उपधारा छ (१) अनुसार राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिंदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने नीति राज्यले अवलम्बन गर्ने छ। उपधारा छ (४) अनुसार राज्यले जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने नीति लिएको छ । उपधारा छ (५) अनुसार जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग लाई राज्यले प्राथामिकता दिने छ । प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यल लिएको छ।

यस्तै, प्रस्तावनाको कार्यान्वयनमा वातावरणीय अध्ययन गर्नु गराउनु संविधानले परिकल्पित प्रकृति र प्राकृतिक श्रोतको संरक्षण तथा संम्बर्द्धनको सुनिश्चित गराउने सिद्ध कार्यविधि हो।

### ४.१ वातावरण सम्बन्धित नीति

नेपाल सरकारले विकास आयोजना तथा उद्योग स्थापना गर्दा वतावरणमा पर्न सक्ने असरहरुलाई ध्यानमा राखी छैटौं योजना अवधि (२०३७-२०४२) देखि नै वातावरण संरक्षणमा सजगता देखाउँदै केही चुनिएका आयोजना तथा कार्यक्रमहरु संचालन गर्न वातावरणीय अध्ययनको आवश्यकता औंल्याएको थियो।

यो नीतिलाई सातौं योजना अवधिमा (२०४२-२०४७) केही विस्तार गरी ठुला आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय अध्ययनको आबश्यकतामा जोड दिइएको थियो। तर बाताबरण संरक्षण र त्यसको सूनिश्चितताका लागि नेपाल अधिराज्यको संबिधान २०४७ मा पहिलो पटक ब्यबस्था भए पछि आठौं योजना (२०४९-२०५४) ले यसलाई अझ सुदृढ गर्न वातावरणीय अध्ययनका लागि एक राष्ट्रिय पद्धति स्थापनाको सोच राख्दै सडक, जलविधुत, उधोग,सिंचाई, खानेपानी तथा ढलनिकास जस्ता ठूला आयोजनाको लागि वातावरणीय अध्ययन गर्नु पर्ने कुरामा जोड दियो।

### ४.२ वनक्षेत्रको नीति २०४६

बर्तमान वन सम्बन्धि नीतिहरु वन विकास गुरु योजना, २०४६ (Master Plan for the Forestry Sector 1989) हाल सम्म प्रमुख दस्ताबेजको रुपमा रहेको छ । यसमा दीर्घकालीन र अल्पकालीन उद्देश्यहरुका साथै प्रमुख प्राथमिकता प्राप्त कार्यक्रम र टेवामुलक कार्यक्रम गरी दुई किसिमका कार्यक्रमहरुको ब्यबस्था गरेको छ। दिर्घकालीन उद्देश्य अन्तर्गत जनसाधारणको आधारभुत आबश्यकता काठ, दाउरा, डालेघांस र अन्य वन पैदावार सहज रुपमा उपलब्ध गराउने, परिस्थितिकिय प्रणाली र बंशाणु श्रोतको संरक्षण तथा वन ब्यबस्थापन, वन पैदावारमा आधारित उद्योगहरुको विकास गरी राष्ट्रीय तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने, रोजगारी तथा आयस्रोतको अवसर तयार गर्ने रहेको छ। यसका प्राथमिकता प्राप्त कार्यक्रमहरुमा सामुदायकि वन तथा नीति वन, राष्ट्रिय वन तथा कबुलियति वनका अतिरिक्त वन पारिरस्थतिकिय प्रणाली र वंशाणु श्रोत संरक्षण रहेको देखिन्छ।

नेपाल सरकारको वन क्षेत्रमा कार्यान्वयन संरचना (Implementation Mechanism) को रुपमा गैह्काष्ठ वन पैदावर र औषधिजन्य तथा सुगन्धित वनस्पति (NTFPs & MAOs) को संरक्षण व्यवस्थापन र खेती शुत्र गर्ने तथा जैबिक बिबिधता अभिलेखिकरण (Biodiversity Registration) आदि कुराहरुलाई उठाईएका छन् भने यसलाई प्रमुख कार्यनीतिका रुपमा अगाडी बढाईएको छ ।

जडिबुटी तथा गैह्र काष्ठ वन पैदावार बिकास नीति २०६१, जैबिक बिबिधता सम्बन्धि रणनीति २०५० पनि मुख्य सान्दर्भिक नीतिका रुपमा रहेका छन ।

सहस्राब्दि विकास लक्ष्य (Millennium Development Goal) का आठ लक्ष्य मध्ये बाताबरणीय स्वच्छताको सुनिश्चिता र अति विपन्नताको उन्मुलन (Ensure Environment Sustainability &Eradicate Extreme Poor Hunger) भनी जिविकोपार्जन र बाताबरण सन्तुलनलाई जोड दिईएको छ । चालु तिन बर्षिय अन्तरिम योजनाले गरिवी निवारण र वन श्रोत्र (Forest Resources) को दीगो संरक्षणलाई अंगिकार गरेको छ । यसैले विद्यमान वन नीतिले गैह्काष्ठ वन पैदावारको संरक्षण र ब्यबस्थापनामा जोड दिएको छ ।

## ४.३ सान्दर्भिक ऐन तथा नियमहरु

### ४.३.१ वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियावली २०५४

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारण अनुरुप नेपाल सरकारद्धारा वातावरण संरक्षण ऐन २०५३ तथा वतावरण संरक्षण नियमावली २०५४ (संशोधन) जारिभै सकेको छ । उत्त ऐनको दफा ३ र ४ मा प्रारम्भिक वातावरणीय परिक्षण/वातावरण प्रभाव मुल्यांकन (IEE /EIA) गर्नु पर्ने प्रस्ताबहरु र प्रस्ताब स्विकृत नगराई कार्यान्वयन गर्न नहुने व्यवस्था गरिनुका साथै यस प्रस्ताब सन्दर्भमा वातावरण संरक्षण नियमावली २०५४ को नियम ३ संग सम्बन्धित अनुसूचि १ (अ) को दफा १४ मा प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पर्ने उल्लेख भएको छ । सोही नियमाबलीको परिच्छेद २ नियम ७ संग सम्बन्धित अनुसुचि ५ मा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा खुलाउनु पर्ने कुराहरु उल्लेख गरिएको छ । उक्त नियमाबलीमा अन्य ब्यबस्थाका अतिरिक्त प्रारम्भिक वातावरणीय परिक्षण गर्नु पूर्व सम्बन्धित निकायबाट सोको कार्यसुची स्वीकृत गराउनुपर्ने प्रावधान समेत रहेको छ ।

### ४.३.२ वन सम्बन्धि ऐन तथा नियमहरु

बन जंगलको संरक्षण गरी बाताबरणको प्रबर्धन गर्न र वन पैदावारको समुचित सदुपयोग गरी जनताको आधारभुत आबश्यकता परिपुर्ति गर्न नेपाल सरकारको वन ऐन २०४९ र वन नियमावली २०५१ जारी गरेको छ । सोहि ऐनको दफा २० र २१ मा सरकारद्धारा ब्यबस्थित वनको दिगो ब्यबस्थापनका लागि कार्ययोजना तयार गरी स्वीकृत गर्नु पर्ने तथा कार्ययोजनाले निर्दीष्ट गरेको बाहेक अन्य कुनै पनि कार्य गर्न गराउन नपाईन कानुनी प्राबधान रहेको छ । सोही ऐनको दफा २२ मा सरकारद्धारा व्यबस्थित वनको वन पैदावारको स्वामित्व तथा बिक्री वितरण गर्ने व्यवस्था गरेको पाईन्छ । ऐनको उक्त दफाहरुलाई वन नियमाबली २०५१ को परिच्छेद २ मा थप स्पष्ट पारेको छ । जसमा वन व्यवस्थापन कार्ययोजनामा समाबेस हुनुपर्ने कुराहरु, वनपैदावार संकलन गर्दा अपनाउनु पर्ने तरिका, बिक्री, व्यवस्थापन, निकासी गर्ने अवधि तथा कस्तो अबस्थामा वन पैदावार संकलन र बिक्री गर्न नपाईने आदि उल्लेख गरेको छ ।

यसका अतिरिक्त वन ऐन २०४९ को परिच्छेद १३ को दफा ६८ ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना संचालन गर्दा वातावरणमा उल्लेख प्रतिकुल असर नपर्ने भएमा र वन क्षेत्र प्रयोग गर्नु बाहेक अन्य बिकल्प नभएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान गर्दै वन नियमावलीको नियम ६५ले यस्तो आयोजना संचालन गर्दा कसैलाई हानी नोक्सनी पुग्न गएमा सम्बन्धित आयोजनाले क्षतिपुर्ति दिनु पर्ने प्राबधान गरी जनसाधारणको मौलिक हकको सुरक्षको प्रत्याभुति दिएको छ ।

४.३.३ भु तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२

भु तथा जलाधार संरक्षण ऐन २०३९ तथा भु तथा जलाधार संरक्षण नियमावली २०४२ मा जलाधार क्षेत्रहरमा भु-क्षय तथा बाढी पहिरोको प्रकोपलाई नियन्त्रण तथा न्युनिकरण गर्न विभिन्न प्राबधनहरु समावेस गरिएको छ ।

४.३.४ जलश्रोत ऐन सम्बन्धि ऐन तथा नियमहरु

जलश्रोत ऐन २०४९ र नियमावली २०४९ मा पानीको कारणले भुक्षय, बाढी तथा पहिरो हुन गई जमिनको क्षति हुने कुराको साथै जल प्रदुषण पनि बढ्ने हुनाले वातावरणमा पर्ने यस्ता दुष्प्रभावहरुको न्युनीकरणका प्रावधानहरु उल्लेख गरीएका छन् । ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन् कार्यले बसोबास क्षेत्रमा पर्ने बातावरणीय प्रभावहरुको न्युनीकरण गर्न प्रस्तावको बाताबरणीय विश्लेषण गरी प्रभाव नियन्त्रण र सुरक्षाका उपायहरु अवलम्वन गर्न प्रस्तावकलाई अनिवार्य गरिएको छ ।

४.३.५ स्थानीय सरकार सञ्चालन ऐन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ घ(छ) बमोजिम नगरपालिका वा गाउँपालिकाले आफ्ना क्षेत्रभित्रका नदी नालाको ढुंगा, गिट्टी, बालुवा, माटो, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ । वातावरण संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय निकायका वातावरण शाखा पुर्णरुपले जिम्मेवार रहने छन् भन्ने समेतको व्यवस्था रहेको छ ।

## ४.४ निर्देशिका तथा दिग्दर्शनहरु

### ४.४.१ राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५०

नेपाल सरकारले आठौं योजनको नीति कार्यन्वयनमा सहयोग पुगोस भन्नाको लागि वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली ल्याउनु अगाडी नै एक राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० लागु गरिसकेको छ । यो निर्देशिकाले अध्ययनको कममा जनसहभागिता जुटाउनु पर्ने, आबश्यक सुचनाहरको संकलन गर्ने, विवादका विषयहरुको गम्भिरताको मुल्याङ्कन गर्ने र वातावरणीय अध्ययनको लागि बिषयहरुको प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्राथामिकताक्रम निर्धारण गर्ने कुराहरुलाई प्रष्ट रुपमा जोड दिएकोछ । त्यसै गरि बातावरणीय योजना तर्जुमा निर्देशिका २०५५ र बतावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०६२ समेत जारि भएको पाईन्छ । यसका साथै मन्त्री परिषदको मिति २०६६/१२/१७ को निर्णय तथा व्यवस्थापिका संसद, प्राकृतिक श्रोत साधन समितिको निर्देशनले ढङ्गा, गिट्टी, बालुवा संकलन सम्बन्धि जिल्लागत रुपमा एकीकृत कार्य योजना बनाउने, विशेषज्ञा टोलीबाट संकलन गर्न हुने वा नहुने भन्ने क्षेत्रको पहिचान गर्ने, जिल्ला अनुगमन तथा समन्वय समितिले Environment Strategic Assessment गर्ने रणनीति बनाउने आदि उल्लेख गरेको पाईन्छ ।

४.४.२ वन ऐन २०४९ तथा वन नियमावली २०५१

नेपाल सरकारले वन ऐन २०४९ तथा वन नियमावली २०५१ ले दिएको अधिकार प्रयोग गरी वन क्षेत्रको लागि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुची तथा प्रतिबेदन दिग्दर्शन २०६१,वन पैदवार (काठ र दाउरा) संकलन र बिकी वितरण निर्देशिका २०५७ र वन पैदवार बिकी बितरण निर्देशिका २०६० लागु गरेको छ । साथै सामुदायीक वन विकास कार्यक्रमको मार्गदर्शन २०५८ (संसोधन सहित) र सामुदायीक वन श्रोत सर्भेक्षण मार्गदर्शन २०६१ मा सरकारद्धारा व्यवस्थित वन सामुदायीक वनको रुपमा वन उपभोक्ता समुहलाई हस्तान्तरण गर्दा अपनाउनु पर्ने प्रकृयाका बारेमा उल्लेख गरिएको छ ।

४.४.३ अन्तराष्ट्रिय कानुन तथा सम्झौता

माथि उल्लेख गरेका ऐन नियमका अतिरिक्त नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानुनहरुलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरण परिक्षणका कममा ध्यान दिनु पर्ने जरुरी देखिन्छ । नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रिय स्तरका विभिन्न सन्धि वा महासन्धिहरुमा महत्वपुर्ण दस्तावेजको रुपमा रहेका

छन् । यस्ता अन्तराष्ट्रिय सन्धि तथा वा महासन्धिहरु दक्षिण पूर्वी एशिया तथा प्रशान्त क्षेत्रको लागि विरुवा संरक्षण सम्फैता (Plant protection Agreement for SouthEast Asia and Pacific, February (27,1956,Rome), जैविक विविधता सम्बन्धि महासन्धि (Convention n Biological Diversity, June (5, 1992,Rio De Jenerio),संकटापन्न जंगली वनस्पति तथा जीव जन्तुका प्रजातीको अन्तराष्ट्रिय व्यापार सम्बन्धि (CITES Convention on international Trade in Endangered Species or Wild Flora and Founa, March (3,1973, Washington) जल पंक्षिको बसोबास जस्ता अन्तराष्ट्रिय महत्वका सिमसार सम्बन्धि महासन्धि वा रामसार महासंधि (Convention on Wetlands or international importance, February(2,1971), विश्व सास्कृति तथा प्राकृतिक सम्पदा संरक्षण सम्बन्धि महासंधि (November-23,1972, Paris), अन्तराष्ट्रिय ट्रपिकल (Tropical) काष्ठ सम्फैता आदि प्रमुख छन् । यी महासन्धिहरुले प्राकृतिकोत व्यवस्थापन तथा जीव र वनस्पति संरक्षणको सुनिश्तिाबाट बातावरण संरक्षण गर्न आवस्यक प्रावधानको व्याख्या गरेका छन् ।

## ४.५ ढुङ्गा, गिट्टी वालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्चको निर्णय

प्राकृतिक स्रोत र साधनको बचाउ गर्नका लागि जिल्ला बारा सपही गा.वि.स वडा नं ९ घर भै हाल काठमाण्डौ जिल्ला काठमाण्डौ महागाउँपालिका वडा नं ३२ अनामनगर बस्ने अधिवक्ता नारायण प्रसाद देवकोटाले सम्मानित सर्वोच्च अदालतमा दायर गर्नुभएको रिट निवेदनको सुनुवाईको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७ श्रावण २१ गते एउटा महत्वपूर्ण आदेश जारी भएको छ । सो आदेशमा अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरू उल्लेख गरिएका छन् :-

१. ढुङ्गा, बालुवा आदी प्राकृतिक स्रोत हुन् । प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको Ownership मा हुन सक्दैन । प्राकृतिक स्रोत सबै नेपालीको Common Benefits र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्दछ ।

२. प्राकृतिक स्रोतको संकलन तथा उत्खनन् प्रयोग आदी गर्दा विद्यमान प्रचलित कानून अनुसारवातावरणमा कुनै प्रकारको प्रतिकुल प्रभाव नपर्ने गरी मात्र गर्नुपर्नेछ ।

३. कानूनी व्यवस्था अनुसार कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ । त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणीय प्रभाव र परिक्षण मूल्यांकन गर्नुपर्ने हुन्छ । यसरी वातावरणीय प्रभाव र परिमाण मूल्यांकन गर्नु भनेको वातावरणलाई असर पार्ने नपार्ने र पार्ने भए त्यस्तो प्रभावलाई हटाउने वा कम गर्ने अध्ययन र मूल्यांकन हो । वातावरण संरक्षण नियमावलीको व्यवस्था अनुसार वातावरणीय प्रभाव मूल्यांकन गर्दा सार्वजनिक सूचना जारी गरी गाउं विकास समिति वा गाउँपालिका वा त्यस क्षेत्रको स्कूल, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाबाट सुझाव लिने र उनीहरूको सुझाव अनुरुप प्रस्ताव कार्यान्वयन हुने वा नहुने सम्बन्धमा स्थानीय जनता वा निकायको विशेष भूमिका हुने देखिन्छ । यस्तो कानूनी व्यवस्था नै Defective देखिन्छ । यो व्यवस्था फौज्दारी मुद्धामा सर्जमिन गर्ने र सर्जमिनका भरमा कसैलाई दोषी नठहऱ्याउने व्यवस्था सरह हो । वातावरण प्रदुषण हुने वा नहुने भन्ने कार्य उल्लेखित निकायका व्यक्तिहरूले दिएको व्यक्तिगत विचार र रायले यकिन र निर्धारण गर्ने विषय होईन । वातावरण प्रदुषण हुने वा नहुने भन्ने कुरा सम्बन्धीत आयोजनाको प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारको आफ्नो वा कुनै निष्पक्ष विशेषज्ञ जस्तै भू-गर्भ विद्, भुगोल विद्, भौतिक शास्त्री, रसायन शाष्त्री, वातावरण विशेषज्ञ, जलस्रोत विशेषज्ञ, वन, वन्यजन्तु विशेषज्ञ, तथा अन्य विशेषज्ञ तथा अर्थशाष्त्री सहित रहेको टोलीले प्रस्तावको सन्दर्भमा प्रस्ताव कार्यान्वयन हुने स्थलको वैज्ञानिक अध्ययन विश्लेषण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण प्रदुषण हुने वा नहुने यकीन हुने विशुद्ध प्राविधिक विषय हो । तर विद्यमान कानूनी व्यवस्था हेर्दा प्रस्तावक आफैले सार्वजनिक सूचना जारी गरी उल्लेखित व्यक्ति र संस्थाहरूको विरोध वा समर्थनमा प्रस्ताव कार्यान्वयन गर्दा प्रदुषण हुने वा नहुनेDetermine (निर्धारण) हुने कानूनी व्यवस्था नै अव्यवहारीक, अनुपयूक्त र त्रुटीपूर्ण देखिन्छ ।

४.  अब यस्ता उद्योग सञ्चालन गर्ने इजाजत दिनु अगाडी सरकार आंफैले विशेषज्ञ टोलिद्धारा उद्योग स्थापना गर्न इच्छुक प्रस्तावकको प्रस्तावमा Field visit समेत गराई प्रतिवेदन लिई सरकारले गठन  गरेको टोलिले दिएको राय  अनुसार कति हदसम्म ढुङ्गा,  रोडा,  बालुवा झिक्न दिंदा वातावरणीय सन्तुलन बिग्रदैन हेरी त्यति हदसम्म मात्र रोडा, ढुङ्गा झिक्न अनुमति दिनु । त्यसरी वैज्ञानिक आधारमा उत्खनन गर्ने कुरा निर्धारण गरी त्यही हद ननाघ्ने गरी मात्र इजाजत दिने, त्यसको अनुगमन्  गर्ने र इजाजत अवधि समाप्त भएपछि सो क्षेत्रलाई उद्योग स्थापना गर्नेले नै यथास्थितिमा ल्याउने शर्त तोक्नु ।

५.  प्रस्ताव कार्यान्वयनमा उद्योग  विभागले दर्ता गरी स्वीकृति  दिएपछि  माथि  उल्लेखित  विशेषज्ञ सम्मिलित टोलीबाट Monitor हुने कानूनी व्यवस्था नै देखिएन  ।  उद्योग  सञ्चालन  भएपछि विशेषज्ञले नियमित पानीको क्कउभिलिने, आवाज कत्तिको प्रदुषण भयो जाँच्न पर्ने । आवाजले वनजंगल / Flora and Fauna र वन्यजन्तुलाई कति प्रभाव पाऱ्यो हेर्ने । उद्योग सञ्चालन गर्दावन क्षेत्र हेरियो हेरिएन  सो केही देखिएन । वायुमण्डलमा धुवाँ र धुलोले कति प्रदुषण गऱ्यो गरेन, Raw Material बालुवा, रोडा, ढुङ्गा कति उत्खनन्  गऱ्यो सो पनि हेर्ने आदी केही हुने गरेको देखिएन  । तसर्थ यि सवै कुरा उद्योग सञ्चालन कै अवस्थामा नियमित रुपमा विशेषज्ञ टोलीको  गठन गरी अनिवार्य Monitor गर्नु ।

६.  निवेदकको अर्को मुख्य माग ट्रकको क्षमता भन्दा बढी बालुवा, रोडा र ढुङ्गा लोड(Load)गरी  त्यस्ताOver Loaded ट्रकले सडक तथा पुललाई क्षति पुऱ्याएको कारण यसलाई रोकी पाउँ भन्ने रहेको छ  ।  सो माग  जायज माग  हो ।  ठेकेदार वा उद्योगको मालिकल Overloaded भएको सवारी साधन  चलाएकोले सार्वजनिक सडक क्षति  गरी त्यसको मर्मतको लागि करदातामा नाजायज भार पार्न हुँदैन । त्यस कारण निम्नानुसार गर्नु :-

(क)  यस  प्रकार ट्रकमा रोडा,  ढुङ्गा,  बालुवाOverloadedगरी चलाउने कार्यलाई रोक्नको लागि प्रहरी  परिचालन गर्नु ।

(ख) जनताको कर तिरेको पैसाले बनेको सडक सवैको साझा सम्पत्ति हो । यस्तो सम्पत्ति रोडा, ढुङ्गा उद्योग सञ्चालन  गर्ने केही सिमित  व्यक्तिहरूको मात्र  आर्थिक फाइदाको लागि चलाएको Overloaded सवारी साधनको प्रयोगले हुन गएको सडकको क्षतिको मर्मत गर्नजनतालाई पुनः करको भार बोकाउन  हुँदैन  ।  तसर्थ यस्ता रोडा,  ढुङ्गा बोकेको सवारी साधनको कारण सडक पुल  बिग्रन  हुँदैन  ।  उद्योग  क्षेत्रबाट  माल बोकेकोTruckमुल सडकमा निस्कनु अघिTruck को भारी तौलने यन्त्र उद्योग  सञ्चालन  कर्ताको खर्चमाजडान गर्ने व्यवस्था मिलाई Truck को क्षमता अनुसारको माल मात्र छाड्नु ।

(ग)  यस्तो साझा सम्पत्तिको सडक तथा  पुलमा कसैको व्यक्तिगत  फाइदाको लागि  सो कोक्षमता र स्वयं सवारी साधनको क्षमता भन्दा बढी Overloaded सवारी साधन चलाउँदासडक र पुलको क्षति हुने उल्लेखित कारणहरूले गर्दा त्यस्ता Overloaded सवारी साधन चलाउन  नदिन  नेपाल  प्रहरीलाई कडा निर्देशन  दिनु ।  साथै त्यस्ता सवारी साधनको Weight  जाँच गर्न सडकका मुख्य  मुख्य  ठाउँमा जाँच यन्त्र राखी जाँच  गर्ने व्यवस्था मिलाई जाँचपास हुने सवारी साधनलाई मात्र सडकमा प्रवेश दिने व्यवस्था मिलाउनु ।

निवेदकको माग बालुवा, रोडा, ढुङ्गा भारत निकासी रोकी पाउँ भन्ने पनि छ  । मिसिल हेर्दा नेपाल र भारतसंग भएको सन्धि अनुसार भारत निकासी गरिएको भन्ने देखिन्छ । प्राकृतिक स्रोतप्रकृतिले प्रयोग कै लागि दिएको हो । त्यसकारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिकस्रोतको प्रयोग गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, बस्ती, सडक, पानीकोमुहान, वन, वन्यजन्तु, प्राचिन स्मारक आदीलाई प्रतिकुल असर पर्ने भए त्यसलाई रोक्नुपर्छ । तसर्थ हाललाई रोडा,  ढुङ्गा,  बालुवा विदेश  निकाशी  गर्ने कार्य रोकी यस  अदालतको आदेश अनुसार

गठित प्राविधिक समितिले तत्तत् उद्योगबाट बालुवा, रोडा, ढुङ्गा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो प्रतिवेदन अनुसारमात्र निकासी गर्न दिनु ।

(घ) यस आदेशको प्रयोजनको लागि नेपाल सरकारको सम्बन्धीत निकायको संयोजकत्वमा देहाय बमोजिमको समिति गठन गर्नु :-

१. वातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक,

२. भूगर्भ शाष्त्री,

३. माइनिङ इन्जिनियर,

४. उद्योग विभागको प्रतिनिधि,

५. स्थानीय निकायको प्रतिनिधि र

६. नेपाल सरकारले तोकेको अन्य सदस्य तथा वातावरणविद् भएको एकसमिति गठन गर्नु ।

(ङ) दर्ता नभई संचालन भएको र इजाजत अवधि नाघेका उद्योगहरू तुरुन्त बन्द गर्नु ।

(च) दर्ता भई अवधि ननाघेको सञ्चालनमा रहेको उद्योगले प्रदुषण गरे नगरेको, उद्योग सञ्चालन गर्ने अनुमति दिएको क्षेत्रमा बालुवा, रोडा, ढुङ्गाको Exploitation क्षमता अर्थातमात्रा अब कत्ति हो ? यकिन गर्ने । यदि अब अरु बढी उत्खनन् गर्दा वातावरणीय र भौगोलिक क्षति पुग्ने भएमा त्यस क्षेत्रमा सञ्चालित उद्योग बन्द गर्नु । तर अहिले नै वातावरण प्रदुषण गरिरहेको देखिएमा वा उत्खनन् गर्दा वातावरणलाई प्रतिकुल असर पार्छ भने तुरुन्त बन्द गर्नु ।

(छ) अब उप्रान्त उद्योग स्थापनाको अनुमति दिदा प्रस्तावकले पेश गरेको प्रस्तावमा संलग्न वातावरण प्रभाव मूल्यांकनलाई यस आदेश अनुसार गठित समितिले पनि आफुले अध्ययन गरी दिएको राय र प्रतिवेदन अनुसार मात्र अनुमति प्रदान गर्नु ।

(ज) बालुवा, रोडा, ढुङ्गा प्राकृतिक स्रोत भएको कारण Public Trust Doctrine र संविधानकोधारा ३३ (क) अनुसार प्राकृतिक स्रोत राज्यको स्वामित्वको सार्वजनिक सम्पत्ति हो । यस्तो सम्पत्तिमा कुनै एक ठेकेदारले Nominal राजस्व बुझाएको भरमा कारोबार गरी ठेकेदारलाई नाजायज फाईदा हुनु हुँदैन । प्राकृतिक स्रोत उत्खनन् पछि जमिनलाई यथास्थितिमा छाड्न पर्ने गरी नेपाल पेट्रोलियम ऐन र खानी तथा खनिज पदार्थ ऐन अनुरुप सरकारलाई हुने फाईदाको आधारमा मात्र ठेक्का दिनु ।

(झ) यस आदेश अनुसार गठित विशेषज्ञ समितिको राय प्रतिवेदन र सुझाव अनुसार मात्र बालुवा, रोडा, ढुङ्गा, क्रसर उद्योग सञ्चालन गर्ने अनुमति दिनु र उक्त समितिको राय प्रतिवेदन सुझाव नआउन्जेल ढुङ्गा र रोडा उद्योगलाई इजाजत नदिनु ।

(ञ) प्राकृतिक स्रोतको अधिकतम सदुपयोग र प्राकृतिक स्रोतको उत्खनन् एवं विकास गर्दा हुनेप्रदुषण नियन्त्रणमा वातावरण सम्बन्धी ऐन, नियम ज्यादै अपर्याप्त देखियो । यसमा सुधार गर्नु ।

(ट) प्रदुषणमुक्त र स्वच्छ वातबारण प्रत्येक नागरिकको मौलिक हक हो । आजको विश्व वातावरण सचेत (Conscious) विश्व हो । दोस्रो विश्वयुद्ध पछि औद्योगिककरणमा दौडेको विश्वले गरेको कोइला, पेट्रोल, डिजेल आदीको खपतले गर्दा प्रदुषण बढेको कारण औद्योगिक राष्ट्रमा सवारी र यातायातको साधनमा विद्युत प्रयोग र कोईलाको सट्टा Nuclear Energy तर्फ केन्द्रित छ । नेपालमा पनि प्रदुषणको आफ्नै समस्या छ । नेपालमा औद्योगिक विकासको कारण भन्दा पनि जथाभावी उद्योग सञ्चालनको कारण प्रदुषण बढेको छ । नेपालको वातावरण संरक्षण सम्बन्धी कानून ज्यादै अपुरो देखिन्छ । प्रदुषण रोकथामको नजरमा सरकार Licencing Regime मा सीमित छ ।

उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानिय जनता र निकायहरूसंग सोधी उनीहरूले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मूल्यांकन पारित हुने रत्यही आधारमा सरकारले इजाजत दिने गरिन्छ । वातावरणीय प्रदुषण भन्नाले ध्वनि प्रदुषण, वायुमण्डलमा धुलो र धुँवाको प्रदुषण, पानीको मुहानहरूमा मानवीय कार्यले गर्दा प्रदुषण, भूक्षय तथा वनविनास, वन क्षेत्रमा धुलो, धुँवा र आवाजको प्रवेशले वन जंगलमा भएको शान्तिको खलबलीलेचराचुरुङ्गी र जनावरमा पर्ने क्षती आदी पर्दछन् ।

यसै गरि वातावरण संरक्षण सम्बन्धी कानून पनि वातावरण प्रदुषणको रोकथाम र नियन्त्रणमा प्रभावकारी हुन सक्ने प्रकृतिको हुनुपर्छ । तर नेपालको वातावरण संरक्षण सम्बन्धी कानूनले सरकारलाइ Licencing भूमिकामा सीमित राखेको देखिन्छ । सो कानूनले आजको वातावरण समस्यालाई Cope गर्न सक्दैन। वातावरण सम्बन्धी कानूनमा आवश्यक संशोधन भई Self Contained Act, नहुन्जेल र सरकारी निकायहरू Monitor गर्न Well equippedWell Trained नहुन्जेल यस अदालतले असाधारण अधिकार अन्तर्गत Active Role खेल्नुपर्ने हुन्छ । अदालतले आफ्नो संवैधानिक भूमिका निर्वाहगर्न यस अदालतमा एक वातावरण इजलासको (Environmental Bench) गठन गर्ने व्यवस्था हुन आवश्यक छ । त्यसैले वातावरण इजलास (Environmental Bench) को गठन गर्न कानूनी व्यवस्था हुनु पर्ने तर्फ सम्माननीय प्रधान न्यायाधिशज्यूलाई जानकारी गराउनु ।

## मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय-२०७०/०२/२१

मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितीको २०७०/२/२१ गतेका बैठकबाट गठित उपसमितिबाट ढुङ्गा, गिट्टी तथा बालुवा समेतको व्यवस्थापनका सन्दर्भमा महत्वपुण निर्णय भएको छ । सो तय भएको निर्णयहरुबाट अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरु उल्लेख गरिएका छन :-

१. वन क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा संकलन, ओसारपसार र विक्री वितरणमा विद्यमान वन ऐन, २०४९ र प्रचलित

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा देखिएको क्षेत्राधिकारको विवाद व्यवस्थापन गरी नेपाल सरकारको निर्णयनुसार एकद्वार प्रणाली अर्न्तगत ठेक्का बन्दोवस्त गर्ने सम्बन्धमा निम्न अनुसार गर्ने :

क. राष्ट्रिय वनको हकमा जिल्ला अनुगमन समितिले वन क्षेत्र अनुगमन गरी आवश्यकता र औचित्य खुलाई अनुरोध गरेमा प्रचलित वन ऐन बमोजिम वार्षिक रुपमा संकलन गर्ने क्षेत्र, परिमाण, समयाबधि र उपयुक्त प्रविधि खुलाई जिल्ला वन कार्यालयले IEE/EIA स्वीकृत गराउनु पर्ने ।

ख. स्वीकृत IEE/EIA प्रतिवेदनमा उल्लेख भए बमोजिमको ढुङ्गा, गिट्टी तथा बालुवा संकलन र विक्री कार्यका लागि सम्बन्धित जिल्ला वन कार्यालयको सिफारिसमा जिल्ला समन्वय समितिले ठेक्का बन्दोबस्त गर्ने ।

ग. वन क्षेत्रको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन संकलन गर्दा स्वीकृत IEE/EIA प्रक्रिया भन्दा अन्यथा गरे गराएको पाइएमा वन सम्बन्धी कसुरमा सम्बन्धित जिल्ला वन कार्यालयले प्रचलित कानून बमोजिम कारवाही गर्ने । ढुङ्गा, गिट्टी तथा बालुवाका ठेक्का पट्टा सम्बन्धी कसुर भएमा कारवाहीको लागि जि.स.स.लाई अनुरोध गर्ने र त्यस्तो अनुरोधमा जि.स.स.ले कारवाही गर्ने ।

घ. वन क्षेत्र बाहिरको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन संकलन तथा बिक्रिको हकमा प्रचलित कानून बमोजिम जिल्ला समन्वय समितिले गर्ने/गराउने ।

२. ढुवानी गर्दा तोकिएको भन्दा बढी परिमाण बोकी वा न्यून विल काटी बढी सामान उठाएको पाइएमा कानून बमोजिम कारवाही गर्ने ।

## मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय-२०७०/०३/२७

मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितीको २०७०/०२/२१ गतेको बैठकबाट गठित उपसमितिबाट ढुङ्गा, गिट्टी तथा बालुवा समेतको व्यवस्थापनको सन्दर्भमा महत्वपुर्ण निर्णय भएको छ । उक्त निर्णय अनुसार प्राकृतिक स्रोत र साधनको संकलन, उत्खनन् वा दोहन अनियन्त्रित रुपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्लाभित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हदसम्म संकलन, उत्खनन वा दोहन गर्न सकिन्छ सो विवरण सार्वजनिक रुपमा प्रकाशन गरी त्यसैका आधारमा IEE/EIA गरेपछि मात्र ठेक्का बन्दोबस्त लगाउनेव्यवस्था मिलाउने ।

राजमार्ग, खेतबारी, गाउँ, वस्ती, बजार, पुल जस्ता सार्वजनिक ठाउँमा बाढी, पहिरोले थुपारेको ढुङ्गा, गिट्टी, बालुवा, गेग्रान हटाउनु पर्ने भएमा जिल्ला समन्वय समितिले सम्बन्धित निकायहरुसँग समन्वय गरी रीतपूर्वक प्राथमिकता साथ हटाई व्यवस्थापन गर्नुपर्ने निर्णय गरिएको छ ।

## वन तथा भू-संरक्षण मन्त्रीज्यूका अध्यक्षतामा बसेको बैठकको निर्णय-२०७०/११/२०

वन तथा भ-संरक्षण मन्त्रीज्यूका अध्यक्षतामा २०७०/११/२० गते बसेको ढुङ्गा, गिट्टी तथा बालुवाको उत्खनन् तथा नियमन सम्बन्धी बैठकमा महत्वपुर्ण निर्णय भएको छ । सो तय भएको निर्णयहरुबाट अन्य कुराको अतिरिक्त खास गरी देहायका कुराहरु उल्लेख गरिएका छन :-

१. निकुञ्ज र आरक्षको मध्यवर्ती क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको विदेश निकासी बन्द गर्ने ।

२. जैविक विविधताको संरक्षण, जैविक मार्गहरुका व्यवस्थापन तथा जलाधारको संरक्षणबाट तल्लो तटिय क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गर्न चुरेका अति संवेदनशील क्षेत्रको पहिचान गरी संरक्षित क्षेत्र/संरक्षित वनका रुपमा विकास गर्ने कार्य वन तथा भ-संरक्षण मन्त्रालयले आरम्भ गर्ने ।

३. चुरे क्षेत्रमा व्यापक रुपमा भईराखेको मानवीय अतिक्रमण र गैरकानूनी बसोबासले समेत समस्यालाई जटिल बनाएको सन्दर्भमा यसरी अनाधिकृत रुपमा बसोबास गर्नेलाई स्थान्तरण प्रक्रिया आरम्भ गरी स्थानीय जनताको जीविकोपार्जनका लागि नया अवसरहरुको सिर्जना गर्ने ।

४. केहि क्रसर उद्योगहरुले मापदण्ड पुरा नगरेका, केही अवैध रुपमा संचालनमा रहेको अवस्था र वातावरणीय, मानवीय संवेदनशीलता र सुरक्षालाई दृष्टिगत गरी २०७१ आषाढ मसान्त सम्मका लागि क्रसर उद्योगका दर्ता बन्द गर्न उद्योग मन्त्रालयल कारवाही अघि बढाउने ।

## मन्त्रिपरिषद, आर्थिक तथा पूर्वाधार समितिका निर्णय- २०७०/१२/२०

१. ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन तथा संकलन तथा ढुवानी प्रयोजनका लागि वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ बमोजिम के गर्नुपर्ने हो, सो को यकिन गरी प्रस्तावको कार्यसूची तयार गरी यस मन्त्रालय/विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट स्वीकृत गराएर मात्र गर्ने, वातावरणीय अध्ययन कार्यको लागि अध्ययन कार्यदलमा Geologist, Biologist, Environmentalist, Socio-economist लाई विज्ञको रुपमा अनिवार्य रुपमा समावेश गर्ने र स्थलगत रुपमा नै उपस्थित हुने व्यवस्था मिलाउने ।

२. वातावरणीय अध्ययन गर्दा वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ का अतिरिक्त ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन तथा संकलन प्रयोजनको लागि IEE/EIA प्रतिवेदनमा स्वीकृत भएको अवस्थामा बाहेक डोजर, स्काभेटर जस्ता भारी मेशीन, उपकरण प्रयोग गर्न गराउन पूर्णतः निषेध गर्ने ।

३. स्वीकृत प्रतिवेदन बमोजिमको वातावरण व्यवस्थापन योजना (EMP) कार्यान्वयनको लागि प्रतिवेदनमा

उल्लेख गरिए बमोजिम वार्षिक योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

४. ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थ उत्खनन तथा संकलन तथा ढुवानी स्वीकृत IEE/EIA प्रतिवेदन बमोजिम भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन, मूल्यांकन गर्ने गराउने र चौमासिक रुपमा त्यसको प्रतिवेदन मन्त्रालयमा पठाउने, प्रमुख जिल्ला अधिकारीको अध्क्षतामा गठित जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिबाट गरिएको अनुगमन प्रतिवेदन कार्यान्वयन गर्ने गराउन र यसको जानकारी मन्त्रालयलाई समेत गराउने ।

५. उत्खनन तथा संकलन स्थलका साइट र परिमाणको नियमित रुपमा जि.स.स. ले अनुगमन गर्नुपर्ने ।

६. उत्खनन तथा संकलन गरिने प्रत्येक स्थानमा उत्खनन तथा संकलन गरिने क्षेत्र, परिमाण, विधि र समय सहितका होर्डिङ्गबोर्ड राख्ने, जि.स.स.ले IEE प्रतिवेदनको सम्बन्धमा जनचेतना जगाउने र होर्डिङ्गबोर्ड राख्ने, स्वीकृत IEE प्रतिवेदनको एक/एक प्रति संबन्धित प्रभावित गा.पा. र गाउँपालिका पठाउने ।

७. उत्खनन/संकलनको अवधि आश्विन-जेठ सम्म र समय सूर्योदय देखि सूर्यास्त सम्म मात्र हुने, दैनिक उत्खनन/संकलनको परिमाण २५० घ.मी मात्र हुने ।

८. नदीको पानी बगीरहेको सतहभन्दा गहिरो हुने गरी उत्खनन तथा संकलन गर्न नहुने, संकलन र ढुवानीको लागि नदीको मार्गलाई नै पहुँच मार्गका रुपमा प्रयोग नगरी छुट्टै पहुँच मार्गको व्यवस्था गर्ने गराउने ।

९. वातावरण संरक्षण प्रयोजनका लागि स्वीकृत भएका सब योजना तथा कार्यक्रमहरु वातावरण संरक्षण विशेष कोष अन्तर्गत राखी सोही बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

# अध्याय पाँच


## ५ वस्तुगत वातावरणीय अवस्थाको बयान

वि. सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लमा प्रशासनिक विभाजन गर्नु पूर्व यो पूर्व १ नम्बर क्षेत्र अन्तर्गत पर्दथ्यो । पूर्व १ नं. क्षेत्रका २८ मौजा मध्ये काभ्रे र पलाञ्चोक नामका दुई ठुला मौजा भित्र रहेका विभिन्न गाउँ क्षेत्रलाई मिसाई काभ्रेपलाञ्चोक जिल्लाको स्थापना गरिएको थियो । "काभ्रे" वर्तमान काभ्रेपलाञ्चोक जिल्ला भित्र पर्ने एक गा. वि. स. हो भने "पलाञ्चोक" साठीघर भगवती गा. वि. स. मा पर्ने एक डाँडा हो जहाँ पलाञ्चोक भगवतीको मन्दिर छ । यसरी काभ्रे र पलाञ्चोक मिसाई काभ्रेपलाञ्चोक नाम चयन गरेको पाइन्छ । यो जिल्लाले १,३९६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। ब्राह्मन र तामाङ जातिको बाहुल्यता रहेको यस जिल्ला ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वको हिसावले प्रसिद्ध मानिन्छ । समुद्र सतहबाट १५५० मिटर उचाईमा पर्ने यस जिल्लाको सदरमुकाम धुलिखेल काठमाडौं देखि ३० किलोमिटर दक्षिण पूर्वमा पर्दछ । राजनैतिक एवं प्रशासनिक दृष्टिकोणले यस जिल्लालाई १३ वटा स्थानीय सरकारमा विभाजन गरिएको छ। धुलिखेल, बनेपा, पनौती, पाँचखाल, मण्डनदेउपुर र नमोबुद्ध नगरपालिका रहेका छन भने खानीखोला, चौँरीदेउराली, तेमाल, बेथानचोक, भुम्लु, महाभारत र रोशी गाँउपालिका रहेका छन ।

राष्ट्रिय जनगणना २०६८ अनुसार काभ्रेपलाञ्चोक जिल्लाको कूल जनसंख्या १,६७,७२४ जना मध्ये पुरुष ७५,९१३ जना र महिला ९१,८११ रहेका छन ।

- अक्षांश: २७ डिग्रि २१ मिनेट देखि २७ डिग्रि ८५ मिनेट उत्तर
- देशान्तर: ८५ डिग्रि २४ मिनेट देखि ८५ डिग्रि ४९ मिनेट पूर्व
- सिमाना: पूर्व - रामेछाप र दोलखा जिल्ला, पश्चिम- काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला, उत्तर- सिन्धुपाल्चोक जिल्ला र दक्षिण- सिन्धुली र मकवानपुर जिल्ला
- क्षेत्रफल: १,३९६ वर्ग किलोमिटर
- सबभन्दा होचोस्थान: ३१८ मिटर ( कोखाजोर खोला )
- सबभन्दा अग्लोस्थान: ३,०१८ मिटर ( वेथान्चोक नारायण डाँडा )

यस जिल्लाका महत्वपूर्ण व्यापारिक स्थलहरुमा बनेपा, धुलिखेल (सदरमुकाम), पनौती, दोलालघाट, भकुण्डेबेसी, पाँचखाल आदि रहेका छन् ।




.

## ५.१ भौतिक वातावरण

### ५.१.१ भूस्थिति

ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने सुनकोशी नदी वाह्रमासे खोलामा पर्दछ। प्रस्तावित क्षेत्र सबैको भु धरातल समथर छ । काभ्रेपलाञ्चोक जिल्लाको उचाई (समुद्र सतह माथिको) ३१८ - ३०१८ मि. भएता पनि चौँरीदेउराली गाउँपालिकामा पर्ने सुनकोशी नदीको प्रस्तावित क्षेत्रको सरदर उंचाइ भने समुद्री सतह देखि ५८०

देखि ६१० मि. रहेको छ। यो नदी साहसिक खेलको लागि प्रख्यात रहेको छ। यस नदीको उद्गम स्थल तिब्बतको झाङ्गजाङ्गबो हिमनदी हो । यस नदीको सुरुवातको खण्डलाई भोटेकोशी भनिन्छ भने दोलालघाटमा इन्द्रावती नदी मिसिए पछि यस नदीलाई सुनकोशी भनिन्छ। यस खोलाको कुल लम्बाई करिब २०० कि.मि. रहेको छ। प्रस्तावित क्षेत्र यस गाउँपालिकाको वार्ड नं. ७ र ८ मा पर्दछ। सुनकोशी नदीमा बालुवा र मिस्कट रहेका छन। वर्षाको समयमा माथिल्लो भू भागबाट गिट्टी, बालुवा वगाई ल्याएर समथर क्षेत्रको भू-भागमा थुपारेको पाईन्छ। प्रस्तावित क्षेत्रमा बालुवाको परीमाण धेरै मात्रमा पाईयो।

५.१.२ जलवायु/हावापानी

प्रस्तावित क्षेत्र मध्य पहाड क्षेत्रमा पर्ने भएकाले याँहाको जलवायु उष्ण (Tropical) मनसुन किसिमको छ। यहाँ अधिकतम तापक्रम २६° से. रहेको छ भने न्युनतम तापक्रम ४° से. सेल्सियस रहेको छ। असार, श्रावण र भाद्र महिनामा वर्षा हुन्छ। यहाँ सरदर वार्षिक वर्षा ४०० मि.मि. हुने गर्दछ। असोज, कार्तिक, मंसिर, फागुन र चैतमा न त्यति गर्मि हुन्छ न त्यति धेरै जाडो नै हुनेगर्दछ।

५.१.३ हावा र पानीको गुणस्तर एवं ध्वनिको मात्रा

यस क्षेत्रमा कुनै कलकारखाना नभएकोले हावा तथा ध्वनिको गुणस्तर राम्रो रहेको पाईयो। पानीमा ढल तथा कलकारखानाको फोहोर नमिसाईएकोले गुणस्तर राम्रो पईयो। वर्षाको समयमा भने बाढीको कारणले गर्दा पानीको बहाव उच्च हूने र पानी धमिलो हुने गर्दछ।

५.१.४ सुनकोशी नदीको वरपरको भू उपयोग

३५ प्रतिशत : वनजंगल तथा वुट्यान

३० प्रतिशत : वस्ती र कृषि

३५ प्रतिशत : नदी, बगर, ढुंग्यान, कडा जमिन

## ५.२ जैविक वातावरण

५.२.१ वन तथा जीवजन्तु

ढुङ्गा, गिट्टी तथा वालुवा संकलन क्षेत्र वन क्षेत्र भित्र नपर्ने हुनाले वनस्पतीलाई प्रत्यक्ष प्रभाव नपर्ने देखिन्छ। न्यून प्रभाव क्षेत्रमा संकलन क्षेत्र नदी वारी पारि बन रहेको पाइन्छ। यस बनमा निम्न प्रकारका वनस्पती हरु पाइन्छ।

**तालिका न. ५.१** वनस्पती प्रकार

| Local Name | English Name | Scienific Name |
|---|---|---|
| सल्ला | Pine | *Pinus wallichiana* |
| चिलाउने | Chilaune | *Schima wallichi* |
| बिलाउने | Bilaune | *maisa chisia* |
| उत्तीस | Uttis | *Alnus nepalensis* |
| सिसौ | Sisau | *Salbergia sissoo* |
| सिमल | Simal | *Bombax ceiba* |
| आँप | Mango | *Mangnifera indica* |
| दालचिनी | Cinnamon tree | *Cinnamomum zeylanicum* |
| चुत्रो | Chutro | *Berberis asiatica* |
| लहरे पिपल | Peepal | *Ficus religiosa* |

**तालिका न. ५.२** जीव प्रकार

| Local Name | English Name | Scienific Name |
|---|---|---|
| फयाउरो | Fox | *Vulpes vulples* |
| बादर | Monkey | *Macaca mulatta* |

| | | |
|---|---|---|
| सर्प | Common snake | *Squamata serpentes* |
| भ्यागुता | Frog | *Rana tigni* |
| गगटो | Crab | *Carcinus maenas* |
| काग | Crow | *Corvus brachrhynchos* |
| परेवा | Pigeon | *Columba livia* |

## ५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण

### ५.३.१ प्रस्ताव क्षेत्रको/प्रभावित गाउँपालिकाको जनसंख्या

साविकका बिर्तादेउराली, धुसेनी शिवालय, गोठपानी, कात्तिके देउराली, मादनकुँडारी, माझिफेदा,नाग्रेगागचे । सानोबाङ्गथली गा.वि.स. हरु गाभिएर हालको चौरी देउराली गाउँपालिका बनेको हो । यस गाउँपालिकाको पूर्वमा रामेछाप जिल्ला, पश्चिममा भुम्लु र तेमाल गा. पा., उत्तरमा सिन्धुपाल्चोक जिल्ला र दक्षिणमा तेमाल गा. पा. र रामेछाप जिल्ला रहेको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार चौरी देउराली गाउँपालिकामा पर्ने साविकका गा.वि.स. हरुको कुल जनसंख्या २०,८२९ रहेको छ जस्मा पुरुष सख्या ९,४६८ र महिला संख्या ११,३६१ रहेको पाइन्छ। यस गाउँपालिकाको घर परिवार संख्या ४,६६४ रहेको छ जसमा औषत परिवार ४.४६ रहेको पाइन्छ। –०.१० प्रतिशत जनसंख्या घट्नेदरले २०७५ को जनसंख्या तल प्रक्षेपण गरिएको छ।

**तालिका न. ५.३ राष्ट्रिय जनगणना, २०६८ अनुसार गाउँपालिकाको जनसंख्या**

| गाउँपालिका | घर परिवार संख्या | जनसंख्या | | | औषत परिवार | लैंगिक अनुपात प्रति १०० महिलामा |
|---|---|---|---|---|---|---|
| | | जम्मा संख्या | पुरुष | महिला | | |
| चौरी देउराली | ४,६६४ | २०,८२९ | ९,४६८ | ११,३६१ | ४.४६ | ८४.०४ |

*(श्रोत : -राष्ट्रिय जनगणना, २०६८)*

**तालिका न. ५.४** जनसंख्या प्रक्षेपण, २०७५

| जिल्ला | घर परिवार संख्या | जनसंख्या | | | औषत परिवार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा संख्या | पुरुष | महिला | | |
| चौरी देउराली ( २०६८) | ४,६६४ | २०,८२९ | ९,४६८ | ११,३६१ | ४.४६ | ८४.०४ |
| चौरी देउराली ( २०७५) | ४,६३१ | २०,६८४ | ९,४०२ | ११,२८२ | ४.४७ | ८३.३४ |

### ५.३.२ जात/जनजाती

चौरी देउराली गा.पा.मा जात/जनजाती तल रहेको तालिका न. ५.५ अनुरुप रहेको पाईयो।

**तालिका न. ५.५** जात/जनजाती

| जात | जम्मा |
|---|---|
| ब्राहमण पहाड | ७४९२ |
| तामाङ | ६२५६ |
| क्षेत्री | १९५० |
| नेवार | १५४९ |
| कामी | ७७८ |
| सन्यासी/दशनामी | ६८५ |
| दमाई/ढोली | ५१५ |
| माझी | ४९७ |
| अन्य | ११०७ |

*(श्रोत : -राष्ट्रिय जनगणना, २०६८)*

५.३.३ शिक्षा एवं साक्षरता

चौरी देउराली गा.पा.को साक्षरता दर तल प्रस्तुत गरिएकोरहेको छ।

**तालिका न. ५.६** साक्षरता दर

| **चौरी देउराली गा.पा.** | **जनसंख्या ५ बर्ष माथि** | **जनसंख्या जसले** | | | **साक्षरता दर** |
|---|---|---|---|---|---|
| | **जम्मा** | **पढ्न तथा लेख्न आउने** | **पढ्न मात्र आउने** | **पढ्न तथा लेख्न नआउन** | |
| | १९,३७२ | ११,३५८ | ५७८ | ७,४१८ | ५८.४५ |

(श्रोत : -जिल्ला वस्तुगत विवरण तथा स्रोत नक्शा, २०७२)

५.३.४ पेशा

अधिकांश मानिसहरु कृषि पेशामा आश्रित छन्। जिविकोपार्जनको लागि यस क्षेत्रका मानिसहरुले व्यापार, व्यवसाय, सरकारी सेवा, तथा वैदेशिक राजगारका अवसरलाई पनि अवलम्वन गरेको पाइन्छ। मुख्य बजार क्षेत्रमा व्यवसायमा लागेका व्यवसायीहरु पसल, होटल र घरेलु व्यापार आदिमा लागेको पाइन्छ। वैदेशिक रोजगारका लागि यहांका युवाहरु खाडि मुलुक, मलेसिया, कत्तार, दुबई, लगायतका देशहरुमा गएको पाइन्छ।

५.३.५ उर्जा, विजुली एवं संचार

चौरी देउराली गा.पा. वासीहरुले खाना पकाउन मुख्य रुपमा दाउराको प्रयोग गरेका छन् भने केही घरहरुमा एलपी ग्यास, मट्टीतेल र वायोग्यास प्रयोग भएको पाइन्छ।

| **सर्वेक्षण** | **घरधुरी** | **दाउरा** | **मट्टितेल** | **एलपि.ग्यास** | **गुइठा** | **बायो ग्यास** | **विजुली** | **अन्य** | **नखुलेको** |
|---|---|---|---|---|---|---|---|---|---|
| २०११ | ४,६६४ | ४,५८४ | १४ | २८ | १ | १३ | ० | २ | २२ |
| (%) | | ९८.२८ | ०.३० | ०.६० | ०.०२ | ०.२८ | ०.०० | ०.०४ | ०.४७ |

(श्रोत : -जिल्ला वस्तुगत विवरण तथा स्रोत नक्शा, २०७२)

५.३.६ खानेपानी एवं स्वास्थ्यको सुविधा

यस क्षेत्रका वासीहरुले खानेपानीको लागि मुख्यस्रोतको रुपमा धारा तथा पाइप रहेको छ। त्यसैगरी मुलधाराको पानी पनि प्रयोग हुने गरेको पाइयो।

| चौरी देउराली गा.पा. | जम्मा घरधुरी | पिउने पानीको श्रोत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | धारा, पाइप | ट्युबवेल | सुरक्षित कुवा | असुरक्षित कुवा | मुलधारा | खोला र नदी | अन्य | उल्लेख नभएको |
| | ४,६६४ | ३,७५४ | २ | ५६ | ४१२ | ३९४ | २५ | ० | २१ |
| | प्रतिशत | ८०.४९ | ०.०४ | १.२० | ८.८३ | ८.४५ | ०.५४ | ०.०० | ०.४५ |

(श्रोत : -जिल्ला वस्तुगत विवरण तथा स्रोत नक्शा, २०७२)

यस क्षेत्रका बासिन्दाहरु स्वास्थ्य सम्बन्धि सेवाका लागि अंचल अस्पताल र जिल्ला अस्पतालमा उपचार गर्न आएको पाईयो।

५.३.७ यातायात र पहुचमार्ग

यस गाउँपालिकामा अरनिको राजमार्गको विभिन्न स्थानहरु जस्तै तीनपिप्ले, पाँचखाल, दोलालघाट आदि स्थानहरुबाट पुग्न सकिन्छ। पक्की बाटो सबै ठाउँमा नपुगे पनि कच्ची तथा ग्राभेल बाटो गाउँपालिकाको सबै क्षेत्रमा पुगेको पाइन्छ। उत्खनन् क्षेत्रसम्म कचची तथा ग्राभेल बाटो भएकाले प्रभावित क्षेत्रमा ढुङ्गा, गिट्टी संकलन र उत्खनन् गर्न कुनै किसमको असुबिधा रहेको छैन। यसका अलावा यी गाउँहरु भित्र पनि ग्रामिण सडक बिस्तार भएकोले यहाँ आवत जावत गर्न सजिलो छ। प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि यातायतामा पहुच पुगेको देखिन्छ र यहाँका

बासिन्दाहरुले बढी मोटर साईकल प्रयोग गर्दछन् । सदरमुकाम जानका लागि बस र जिप प्रयोग गर्दछन् त्यस कारणले गर्दा यस क्षेत्रका बासिन्दाहरुलाई आवत जावत गर्न सुविधा नै रहेको देखिन्छ ।

५.३.८ धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु

उच्च प्रभाव क्षेत्रमा कुनै पनि धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु पर्दैन ।

# अध्याय छ

## ६ प्रस्तावक कार्यान्वयनका विकल्पहरु

विकल्पहरुमा ढुंगा,गिट्टी,वालुवाको संकलन⁄उत्खनन गर्ने वा नगर्ने भन्ने हो । यदि नगर्ने हो भने त्यसवाट के प्रभाव पर्छ र गर्ने हो भने पनि त्यसबाट के प्रभाव पर्छ भन्ने कुराको विश्लेषण हुनु आवश्यक छ ।

## ६.१ प्रस्तावक कार्यान्वयन नगर्ने

अध्ययनबाट प्राप्त विकल्पको विश्लेषण गर्दा विकल्पहरुमा ढुंगा,गिट्टी,वालुवाको संकलन⁄उत्खनन नगर्ने र प्रस्ताव कार्यान्वयन नगर्ने विकल्पलाई अस्विकार गरिएको छ । सो प्रस्ताबलाई निम्न रुपले अस्विकार गरेको छ । वर्षाको समयमा काभ्रेपलाञ्चोक जिल्लामा बग्ने यी नदीहरुले ढुङ्गा, गिट्टी, वालुवा तथा नदीजन्य पदार्थ थुपार्ने गर्दछ । यी सामाग्रीहरु नदीको बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना हुन्छ । दोश्रो, प्राकृतिक श्रोतको सदुपयोग हुन पाउदैन । तेर्स्रो स्थानीयवासिको रोजगारीको अवसरमा वाधा पुग्छ र चौथो सम्बन्धित निकायको आन्तरिक आर्थिक श्रोत वन्द हुन्छ । नदी जन्य पदार्थहरु बढी मात्रामा थुप्रीएर रहेको हुँदा यदी त्यस ठाउँबाट नदीजन्य पदार्थ निकालिएन भने त्यस ठाउँमा नदीको बहाव फेरिन जाने र आवादी क्षेत्र र खेतियोग्य जमिनको कटान भई प्रकोप निम्तियाउने सम्भावना रहेको छ तर कार्यान्वयन नगर्ने विकल्पलाई स्विकार गर्ने हो भने उक्त क्षेत्रमा बाहिरी मानिसहरु आई झैझगडा गर्नकम हुने, वायु तथा ध्वनि प्रदुषण नहुने, जथाभाबी फोहोरमैला नफालिने, पेशागत स्वास्थ्य एवं सुरक्षाको संरक्षण हुने,माछा एवं अन्य जलचरमा प्रभावनपर्ने भएतापनी प्रस्ताव उल्लेखित खोलाको सो खण्डवाट ढुंगा,गिट्टी,वालुवाको संकलन⁄उत्खनन् कार्य गर्दा उपयुक्त हुन्छ ।

## ६.२ प्रस्तावकका विकल्पहरु

### ६.२.१ ढुंगा,गिट्टी,वालुवाको संकलन⁄उत्खनन् गर्ने

यस खोलाको उल्लेखित खण्डमा बर्षाको समयमा वर्षेनि हजारौं घन मिटर ढुंगा,गिट्टी, वालुवा पहड माथिबाट बगाई ल्याएर समथर क्षेत्रको भू-भागमा थुपारेको पाईन्छ । यसरी थुप्रिएका नदीजन्य पदार्थहरुलाई तोकेको स्थानहरु बाट निकाल्न पाईने र निकाल्दा वरपर रहेका बस्तिहरुलाई कुनै असर नपर्ने गरि निकालिने छ । यसरी प्राप्त वहुमूल्य श्रोतको सहि परिचालन नगर्नु कुनै वुद्धिमानी होइन । जनसंख्या वृद्धि र शहरीकरणको गतिलाई हेर्दा स्थानिय तथा राष्ट्रिय वजारमा यसको मांग वढ्दो छ । आन्तरिक माग आपूर्ति गरेर राजस्व संकलनमा योगदान दिन सकिन्छ । सर्वप्रथम ढुंगा,गिट्टी,वालुवाको व्यवस्थित संकलनले खोला किनार कटान नियन्त्रण गर्न ठुलो सहयोग पुग्छ । स्वदेशि श्रमिकहरुको रोजगारको अवसर, उनीहरुको जीवनस्तरमा सुधार, बहाव फेरिन जाने तथा प्रकोप निम्तिने सम्भावना न्युन हुने तथा राजस्व संकलन यसका अन्य विशेषताहरु हुन् । त्यसकारणले प्रस्तावमा उल्लेखित शर्तहरुको पालना गरी ढुंगा, गिट्टी, वालुवाको संकलन⁄उत्खनन गर्न सिफारिस गरिन्छ ।

### ६.२.२ बैकल्पिक क्षेत्र

यथार्थ कुरा गर्दा बालुवा, गिट्टी तथा ढुङ्गा नदी बाहेक अन्य ठाउँमा नपाउने हुँदा प्रस्तावना लागु नहुँदा निमार्ण सामाग्रीको अभाव सृजना हुने देखिन्छ । साथै नदि जन्य यी बस्तुहरु उत्खनन नगर्दा बाढीको समस्या बढी देखा पर्ने सम्भावना उच्च हुन्छ । तसर्थ यो थेग्रिएका बस्तुहरु निकाश गर्नु बाहेक अरु कुनै बिकल्प छैन । यस्तो अवस्थामा नदीबाट निम्तिने प्राकृतिक प्रकोप रहित स्थानहरुको छनौट गरिन्छ । अध्ययनरत टोलीबाट स्थलगत अध्ययन गर्दा निजी तथा सार्वजनिक संरचना, कुलो सिंचाई योजना पहुँच मार्गको उपलब्धता नदी जन्य वस्तुको उपलब्धताको बारेमा अध्ययन गर्दा प्रस्तावित स्थानहरु नै उपयुक्त देखियो ।

### ६.२.३ बैकल्पिक विधि

प्रस्तावित क्षेत्रमा ढुंगा,गिट्टी,वालुवा उत्तखनन् गर्दा प्रस्तावित गरिएको विधिबाट मात्र ढुंङ्गा,गिट्टी,वालुवा उत्तखनन् र संकलन गर्न पर्ने देखिन्छ। यस अलवा अन्य विधिबाट निकाल्न नसकिने देखिन्छ। प्रस्तावित विधि भन्नाले मानिसद्वारा हाते औजार प्रयोग गरि निकाल्न सकिन्छ ।

६.२.४ बैकल्पिक समय

२४ घन्टा उत्खनन गर्दा रातको समयमा स्थानियलाई हल्ला हुने र अनुगमन गर्न नसकिने र जथाभावि उत्तखनन् हुन सक्ने हुदा यो विकल्पलाई अपनाईएको छैन र प्रस्तावित क्षेत्रबाट नदीजन्य पदार्थ ढुंगा,गट्टी,वालुवा सूर्योदय देखि सूर्यास्तसम्ममात्र निकाल्ने विकल्पलाई अपनाईएको छ ।

६.२.५ मौसम

वर्षमा ९ महिना (असार देखि भाद्र सम्म संकलन तथा उत्खनन नगरिने) मात्र संकलन तथा उत्खनन गरिने विकल्पलाई अपनाईएको छ र १२ महिना पुरै संकलन तथा उत्खनन गरिनेविकल्पलाई त्यागिएको छ ।

## ६.२.६ वैकल्पीकश्रोत

बालुवाको निकासको लागि अरु बिकल्प छैन तर पनि गिट्टी र ढुङ्गाको ठाउँमा ईट्टा र खानीबाट ढुङ्गा झिक्न सकिन्छ । स्थानिय निकायमा नै श्रोत साधन उपलव्ध हुदाँ त्यही श्रोत साधन उपयोगी हुने र साथै नदीबाट निम्तिने प्रकोप पनि न्युन हुने देखिन्छ ।

# अध्याय सात

## ७ प्रभाव पहिचान, अनुमान एवं मुल्याङ्कन

प्रस्ताव कार्यान्वयनको क्रममा स्थानिय वातावरणमा सकारात्मक तथा नकारात्मक दुबै थरिका असरहरु पार्न सक्छ। उक्त प्रस्ताव कार्यान्वयनको क्रममा पर्ने प्रभावलाई पहिचान, अनुमान एवं मुल्याङ्कन गरि देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### ७.१ अनुकूल प्रभाव

७.१.१ भौतिक प्रभाव (Physical Impact)

### वाढी एवं अन्य जलउत्पन्न प्रकोप नियन्त्रण

नदिले बगाएर ल्याएका नदिजन्य पदार्थ बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने र निकाल्दा नदीको बहाव फेरिन पाउँदैन र बाढी तथा अन्य प्रकोप हरु हुन बाट बचाउँछ। नदीको सतह बढेर नदी किनार नजिक रहेको जमिनलाई वाढीबाट बचाउन्छ।

७.१.२ सामाजिक–आर्थिक तथा साँस्कृतिक प्रभाव (Socio-economic and cultural Impact)

### आयश्रोतको एवं रोजगारीको अवसर

ढुंगा,गिट्टी,वालुवाको संकलन कार्यले त्यस क्षेत्रका स्थानीय वासिन्दाको रोजगारीको अवसर श्रृजना गर्दछ। नदीको यस्ता सामग्री संकलन, उत्खनन् तथा ढुवानी कार्यमा रोजगारीका बिभिन्न अवसरहरु प्राप्त हुनेछ, यो सवैभन्दा ठूलो र प्रत्यक्ष लाभ हुने क्षेत्र हो। महिलाहरुको हकमा पनि श्रमको समान अवसर प्राप्त गरि पुरुष जतिकै लाभान्वित हुनेछन्। यसले एक प्रकारले महिला र पुरुष विचको श्रम विभाजनमा विभेद गर्ने प्रणालीलाई निरुत्साहित पार्दछ। स्थानिय श्रमिकहरुको दक्षता र प्राबिधिक ज्ञानको बिकास हुनेछ। जसले गर्दा श्रमिक तथा उनीहरुका आश्रितको उत्थानमा सहयोग पुग्नेछ। ढुंगा,गिट्टी,वालुवाको संकलन कार्य नियमित हुने हुनाले यसवाट स्थानीय वासिन्दा लाभान्वित हुन्छन्।

### नगरपालिकको आयश्रोत

त्यसैगरी गाउँपालिकाले नदीजन्य पदार्थको संकलन, उत्खनन् कार्यको ठेक्का वन्दोवस्तवाट राजश्व संकलन गर्नेछ। गाउँपालिकाद्वारा संकलित राजश्वको प्रयोग गरि जिल्ला भित्र बिभिन्न पुर्वाधार बिकासका काम गर्नमा सहयोग पुग्नेछ। यस कार्यबाट गाउँपालिकाले बार्षिक **रु. २,०५,०९,७१८** को राजस्व संकलन गर्नेछ।

### विकास निर्माण सामाग्रीको उपलव्धता

स्थानीय क्षेत्रमा रहेका ढुङ्गा, गिट्टी, वालुवा जस्ता पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थको सरल तरिकाले आपूर्ति गर्न यस योजनाले सहयोग पुर्‍याउने छ साथै स्थानीयस्तर तथा बाह्य आवश्यक पर्ने निर्माणका सामग्रीहरु (ढुङ्गा, गिट्टी, बालुवा आदि) समेत उपलब्ध हुने हुँदा शहरीकरणमा समेत मद्दत हुनेछ।

### ७.२ प्रतिकुल प्रभाव

७.२.१ भौतिक प्रभाव (Physical Impact)

### नदी किनार कटान

प्रस्तावित क्षेत्रमा ढुंङ्गा,गिट्टी, वालुवाको जथाभावि तथा यस IEE रिर्पोटमा सुझाव गरीएको परीमाण भन्दा वढी संकलन/उत्खनन गर्नाले नदीले आफ्नो प्राकृतिक धार परिवर्तन गरी किनार कटान तथा नदी किनारमा रहेको वस्तीलाई प्रभाव पार्न सक्छ।

**नदीजन्य पदार्थ IEE ले सुझाव गरेको भन्दा बढी उत्खनन**

उत्खनन्कर्ताले प्रस्तावित क्षेत्रबाट जथाभाविरुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन गर्न सक्दछन् । जसको कारण नदीको बहाव परिवर्तन हुने र बाढी, नदी कटान, आदी प्राकृतिक प्रकोप निम्त्याउदछ ।

## भौतिक संरचनामा हुने असर

प्रस्तावित क्षेत्रबाट ढुङ्गा,गिट्टी तथा वालुवा ओसार पसार गर्दा पहुँच बाटोमा चलने गाडिको चाप बढ्नाले बाटो छिट्टै जिर्ण हुने तथा बाटोमा जताततै खाल्डो बन्न सक्दछ ।

## फोहर तथा जल प्रदुषण

ढुंगा,गिट्टी,वालुवाको संकलन/उत्खनन गर्ने क्रममा कामदारहरुबाट फोहर सिर्जना हुन्छ र खोलाको वातावरण प्रदुषण वढ्न सक्छ । खोलामा शौच गर्ने, खानेकुराहरु फाल्ने, पोखिने, प्लास्टिकहरु यत्रतत्र छरिने संभावना हुन्छ ।

## वायु तथा ध्वनि प्रदुषण

ढुवानी साधनको आवागमन तथा ढुङ्गा,गिट्टी,वालुवाको संकलन/उत्खननले वायू प्रदुषण वढ्छ र ढुवानी साधनको कारणले ध्वनि प्रदुषण वढ्छ । साथै मोटरहरुको धेरै आवत जावतले गर्दा धुलो उढ्न सक्ने देखिएकोछ ।

## संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव

नदी जन्य पदार्थहरुलाई निश्चित ठाउँमा निकास गर्नु अघि थुप्रो लगाउनु जरुरी हुन्छ । यसरी ढुङ्गा, गिट्टि, बालुवा तथा माटो धेरै समयसम्म थुप्रिदा वातावरणमा नकरात्मक असर पर्दछ । साथै अकस्मात बर्षाका कारण अउने आकस्मीक बाढीले संकलित सामाग्री बगाई लैजाने सम्भावना पनि रहन्छ ।

७.२.२ सामाजिक–आर्थिक प्रभाव

## धर्म,संस्कृति तथा परस्परामा प्रभाव

कामदारहरु स्थानीय वासिन्दा हुने भएको कारणले धर्म,संस्कृति तथा परम्परामा अन्य कुनै प्रभाव पर्ने छैन । यस नदीको ढुंगा, गिटी, बालवा संकलन तथा उत्खनन् कार्यका उच्च प्रभाव क्षेत्र भित्र अन्य कुनै प्रकारका मठ मन्दीर, गुम्बा, देवस्थल आदि नपर्ने भएकोले कुनै असर पर्ने छैन ।

## पेशागत स्वास्थ्य तथा सुरक्षा

ढुंङ्गा,गिट्टी,वालुवाको संकलन गर्दा विभिन्न प्रकृतिका औजारहरुको प्रयोगले कामदारहरुलाई चोटपटक लाग्न सक्छ । त्यसै गरि ढुंङ्गा, गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ । धुलोको कारणले स्वास–प्रस्वास र आंखाका रोगहरु लाग्न सक्छन् । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ ।

## जनसंख्या विस्थापन

प्रस्तावित बगर क्षेत्रहरुबाट ३०० मि. वरिपरि कुनै बस्ति नरहेकाले प्रस्तावित क्षेत्रबाट जनसंख्या विस्थापनामा कुनै असर पर्दैन ।

## नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण

बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्ने सम्भावना रहन्छ ।

७.२.३ जैविक प्रभाव (Biological Impact)

**वन्यजन्तू तथा माछा**

श्रमिकहरु तथा ढुवानी साधनको आवागमन र कोलाहलले वरपरको वनका वन्यजन्तुको प्राकृतिक विचरणमा खलल पुग्न सक्छ। ध्वनी, धुलो र पानी प्रदुषणका कारण माछा एवं अन्य जलचर वासस्थान गरिवर्तन गर्न सक्छन्। संकलन कार्यक्षेत्र वरिपरि सामुदायिक वन पर्ने हुनाले सवारी साधन आवत जावत गर्ने वाटोमा वन्यजन्तुलाई नकारात्मक असर पर्न सक्छ। साथै सवारी साधन आवत जावतमा वृद्दि हुनाले कार्यरत टोली जङ्गलमा शिकार गर्न पस्न सक्दछन् । त्यसैगरी ढुंङ्गा,गिट्टी,वालुवा संकलन गर्ने क्रममा खोलाका माछा मार्ने काम पनि हुन सक्छ।

७.२.४ रशायनिक वातावरण (Chemical Impat)

**रशायनको प्रयोगले हुने असरहरु**

उत्खनन् तथा संकलन गर्दा रशायनको प्रयोग हुनेछैन तर पनि गाडी तथा औजारहरुको प्रयोग हुदाँ तेल तथा रशायन चुहिन सक्छ जसले पानी तथा जमिनमा प्रदुषण हुनेछ। लुब्रिकेन्ट्स र ग्रिजले गर्दा प्रदुषण हुनेछ।

**तलिका ७.१ प्रभावहरु पहिचान एवं मुल्याङ्कन**

| क.स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| क) भौतिक वातावरण | | | | | |
| १) | वाढी एवं अन्य जलउत्पन्न प्रकोप | न्युनिकरण हुन्छ | किन कि नदिले बगाएर ल्याएका नदिजन्य पदार्थ बगरमा थुपारिँदा नदीको बहाव फेरिन जाने र निकाल्दा नदीको बहाव फेरिन पाउँदैन र बाढी तथा अन्य प्रकोप हरु हुन बाट बचाउँछ।<br><br>नदीको सतह बढेर नदी किनार नजिक रहेको जमिनमा वाढीबाट बचाउन्छ। | प्रस्ताब कार्यावयन भन्दा पहिले | बर्षायाममा र रातको समयमा नदी जन्य पदार्थ ननिकाल्ने।<br><br>IEE रिर्पोटले सुझाव गरेको परिमाण निश्चितस्थलबाट मात्र निकाल्ने।<br><br>बेलाबेलामा सम्बबन्धित निकायबाट अनुगमन गरिने छ। |

| क. स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| २) | नदी किनार कटान | संभावना छ | उत्खननकर्ताले जथाभावि रुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन गरेमा | प्रस्ताब कार्यावयन चरणमा | जथाभाविरुपले नदीजन्य पदार्थ निकाल्न नदिने र IEE रिर्पोटले सुझाव गरेको परिमाण निश्चितस्थलबाट मात्र निकाल्ने ।<br><br>संकलन गरी सकेपछि संकलन गरिएको क्षेत्रको सतह मिलाउदै जाने ।<br><br>संकलन उत्खनन क्षेत्रको नाम, निश्चित क्षेत्रफल, लम्बाई, चौडाई, गहिराई, कुल परिमाण र समयावधि सहितको सुचना पटी राख्नु पर्ने छ। साथै स्थानिय बासिन्दाहरुबाट अनुगमन सिमिति बनाई सुचना पटी अनुसार उत्खनन् कार्य भए नभएको अनुगमन गर्न लगाउने ।<br><br>प्रस्तावक (सम्बन्धीत निकाय )ले अनुगमन संयनत्र बनाई कियासील पार्ने र उचित दण्ड तथा पुरस्कारको प्रबन्ध गर्ने । |
| ३ | नदीजन्य पदार्थ IEE ले सुझाव गरेको भन्दा बढी उत्खनन | संभावना छ | उत्खननकर्ताले जथाभाविरुपले सिफारिस गरिएको परिमाण भन्दा बढी उत्खनन गरेमा | प्रस्ताब कार्यावयन चरणमा | गाउँपालिकाले उत्खनन् पुर्व IEE ले सुझाव गरेको संकलन/उत्खनन् सम्वन्धि कार्यविधि बनाई गर्ने छ ।<br><br>उत्खनन संकलन कार्य सम्पन्न भए पश्चात उत्खनन आदेश बमोजिमको परिमाण भन्दा घटी वा बढी संकलन भयो भनेर तुलना गर्न मिल्ने गरी नापजाँच Post measurement गरी अभिलेख राख्ने ।<br><br>नदीको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थ निकाल्न नदिने |

| क. स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ४ | नदीको वहावमा आउने प्रभाव | सकारात्मक | नदीको वहाव आउने प्रभाव कम देखिन्छ किनकि नदीले बगाएर ल्याएका नदीजन्य पदार्थ निकाल्दा नदीले आफ्नो धार परिवर्तन गर्दैन । | प्रस्ताब कार्यावयन भन्दा पहिले | नदीको वहाव/वाटोमा आउने प्रभाव कम गर्नका लागि नदीले बगाएर ल्याका नदी जन्य पदार्थहरु थुपारेको ठाउँबाट मात्र निकाल्ने । उत्खननकर्ताले निकाल्दा फाईदाको लागि बढी नदीजन्य पदार्थ निकाल्ने हुनाले र तोकिएको निश्चित ठाउँबाट मात्र निकाल्ने त्यस ठाउँका बासिन्दाबाट अनुगमन समिति बनाई निकाल्न लगाउने । उत्खनन संकलनका क्रममा भारी यान्त्रीक उपकरण प्रयोग नगर्ने । |
| ५) | भौतिक संरचनामा हुने असर | नकारात्मक | पहुँच बाटोमा चलने गाडिको चाप बढ्नाले बाटोमा जताततै खाल्डो बन्न सक्ने । | प्रस्ताब कार्यावयन चरणमा | निकासी ढुवानी हुने मार्ग निर्धारण गरी सोही मागबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने र यस्तो मार्गको नियमित मरमत संहार गर्ने व्यवस्था मिलाउने । ढुवानी साधनको क्षमता भन्दा बढी पदार्थ राखेर ओसार पसार नगर्ने ।<br><br>पुलको ५०० मीटर क्षेत्र भित्र र अन्य सार्वजनिक संरचनाको १०० मीटर भित्र उत्खनन तथा संकलन कार्य नगर्ने । |
| ६) | पानी तथा सरसफाई | प्रदुषण वढ्छ | कामदाहरुको उपस्थिले गर्दा खाएका खाने कुराका खोल र दिसा पिसाव गर्न सक्ने प्रवल सम्भवना देखिएको हुनाले प्रदुषण बढ्न सक्छ । | प्रस्ताब कार्यावयन चरणमा | त्यसक्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारहरुको लागि अस्थाई रुपले भएपनि सौचालय को व्यवस्था गर्नु पर्ने ।<br><br>खाद्यपदार्थ बाट आएका फोहरहरुलाई न्युनीकराण गर्नकालागि ठाउँ,ठाउँमा फोहर राख्ने भाडा(डोको) राख्ने र उपयुत्त स्थानमा विसर्जनको व्यवस्था गर्ने । |
| ७) | वायु एवं ध्वनी प्रदुषण | वढ्छ | धुलो धुवा एवं ध्वनी बढ्छ किनकि नदी जन्य पदार्थ ढुवानी गर्दा मोटरहरुको धुवा एवं ध्वनी बढ्न गई प्रदुषण बढने सम्भाना रहेको छ । साथै मोटरहरुको धेरै आवत जावतले गर्दा धुलो उढ्ने देखिएकोछ । | प्रस्ताब कार्यावयन चरणमा | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउने । पदार्थ लोड भएको डुवानी साधन सडकमा पार्किङ्ग नगर्ने । ओसार पसार गर्दा प्रेशर हर्नको प्रयोग नगर्ने।<br><br>ढुवानी गर्दा त्रिपालले छोपेर गर्ने । धेरै धुलो उढ्ने र वस्ती भित्रबाट हुदै जाने सडकमा पानी छर्किने । |

| क.स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ८) | संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव | नकारात्मक | सामान्य रुपमा संकलन/र उत्खनन सामाग्रीहरुको भण्डारण गर्दा धुलो उढ्ने संभावना हुन्छ । | प्रस्ताब कार्यावयन चरणमा | संकलन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउने । |
| ९) | फोहरमैला एवं खेरजाने सामग्री | प्रदुषण बढाउछ | कामदार बढे पछी जताततै फोहरमैला एवं खेर जाने सामाग्रीहरु छर्ने हुनाले प्रदुषण बढाउछ । | प्रस्ताब कार्यावयन चरणमा | प्रस्तावित ठाउँहरुमा फोहर राख्ने भाडाहरु राख्नु पर्ने र सुरक्षित साथ उचित स्थानमा विसर्जनको व्यवस्था राखिनेछ । कामदारहरुले फोहर गरेमा प्रतिवन्ध र दण्डको ब्यबस्था गरिनेछ । साथै खोलामा मृत जिवजन्तु र फोहर फाल्न निषेध गरिनुपर्ने । |
| ख) | सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment): | | | | |
| १) | आयश्रोतको एवं रोजगारीको अवसर | वढ्छ | प्रस्तवित योजना संचालन गर्दा स्थानिय बासिन्दाले रोजगारको अवसर पाई आयश्रोत बढने छ । | प्रस्ताब कार्यावयन चरणमा | प्रस्तवित क्षेत्रमा रोजगारीको लागि स्थानिय बासिन्दाहरुलाई नै प्राथमिकता दिनु पर्ने । |
| २) | गाउँपालिकाको आयश्रोत | वढ्छ | नदीजन्य पदार्थ निकाल्दा गाउँपालिकाको आयश्रोत वृद्धि हुन्छ । | प्रस्ताब कार्यान्वयन चरणमा | गाउँपालिकाले ठेक्का लगाउँदा प्रभावित ठाउँमा कुनै किसिमको जैविक, भौतिक रुपले असर नहुने गरि उत्खनन्कर्ता संग सम्झौता गर्नु पर्ने । |
| ३) | विकास निर्माण सामाग्रीको उपलब्धता | वढ्छ | बढ्छ किनकि नदी जन्य पदार्थ निकाल्दा विकास निमार्ण कार्यमा ती सामाग्रि उपलब्ध गराउन सकिन्छ। | प्रस्ताब कार्यावयन चरणमा | विकास निर्माण कार्यका लागि नदी जन्य पदार्थ निकाल्नु पर्दा ती विकास निर्माण कार्यको रेकर्ड राख्नु पर्ने । |

| क. स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| ४) | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल | कस्तो असर पर्छ | धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थलमा अन्य कुनै किसमको प्रभाव पर्दैन किनकि त्यस क्षेत्रमा काम गर्ने कामदार त्यसै क्षेत्रका भएकाले र प्रस्तावित क्षेत्रको उच्च प्रभाव क्षेत्रमा धार्मिक /सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु नपर्ने भएकाले । | प्रस्ताब कार्यावयन चरणमा | उच्च प्रभाव क्षेत्रमा धार्मिक /सांस्कृतिक एवं ऐतिहासिक स्थलहरु नपर्ने |
| ५) | पेशागत स्वास्थ्य एवं सुरक्षा | विग्रन्छ | पेशागत स्वास्थ्य एवं सुरक्षामा विग्रन्छ किनकि काम गर्दा विभिन्न किसमका दुर्घटना हुन सक्छ । | प्रस्ताब कार्यावयन चरणमा | प्रस्ताबित क्षेत्रमा प्राथिमिक उपचार लागि समानहरु उपलब्ध गराउने ।<br>कामदारहरुलाई काम गर्दा हेल्मेट र माक्स, पन्जा अनिबार्य लगाउनु पर्ने । |
| ६) | जनसंख्या विस्थापना | हुदैन | उत्खनन् क्षेत्र वरिपरि कुनै बस्ति नरहेकाले असर पर्दैन । | प्रस्ताब कार्यावयन चरणमा | |
| ७) | नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण | हुन सक्छ | बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा । | प्रस्ताब कार्यावयन चरणमा | नदीको वरपर वस्ती विस्तार हूने भएकाले त्यस ठाउँहरुमा सम्नन्धित निकायले बेलाबेलामा अनुगमन गर्नुपर्ने । |
| ग) | जैविक वातावरण (Biological Environment): | | | | |

| क.स. | विषय वस्तु | प्रभाव | तरिका/विधि | कहिले | प्रभाव वढोत्तीकरण/ न्युनिकरण गर्ने उपायहरु |
|---|---|---|---|---|---|
| १) | वन वन्यजन्तु तथा माछामा पर्ने प्रभाव | नकारात्मक | संकलन कार्यक्षेत्र वरिपरि सामुदायिक वन पर्ने हुनाले सवारी साधन आवत जावत गर्ने वाटोमा वन्यजन्तुलाई नकारात्मक असर पर्न सक्छ साथै माछा एवं अन्य जलचरमा नकारात्मक प्रभाव पर्छ किनकि नदीका माछा कामदाहरले मारेर खाने सम्भावना र नदीजन्य पदार्थ निकाल्दा ध्वनी कम्पनले गर्दा माछा मर्ने सम्भाना बढ्ने देखिन्छ । | प्रस्ताब कार्यावयन चरणमा | सवारी साधन आवत जावत गर्ने वाटोमा हर्नको प्रयोग कम गर्ने<br>रातको समयमा काम नगर्ने<br>शिकार सम्वन्धि कानुनी कार्वाहीको वारेमा सचेत गर्ने ।<br>खोलामा विस्पोटक पदार्थ, रसायन र करेन्त प्रयोग गरि माछा मार्ने कामलाइ निषेध गर्ने ।<br>माछा एवं अन्य जलचरमा पर्ने प्रभाव र हानि बारेमा अभिमुखिकरण दिने ।<br>माछा एवं अन्य जलचरका वासस्थान जस्ता ठूला ढुङ्गा फोर्ने, झिक्ने काम नर्गर्ने । |
| घ) | रसायनिक वातावरण (Chemical Environment) | | | | |
| १) | रशायनको प्रयोगले हुने असरहरु | सम्भवाना छ | इन्धन, लुब्रीकेन्टस, अम्ल तथा अन्य रसायनहरुको चुहावट हुनसक्ने सम्भावना बढ्छ किनकि ढुवानीका साधनहरुको बढ्दो चापले गर्दा र ढुवानीका साधनहरु विग्रिने अवस्थाले गर्दा रसायनहरुको चुहावट हुन सक्ने सम्भावना रहेको छ । | प्रस्ताब कार्यावयन चरणमा | इन्धन, लुब्रीकेन्ट, अम्ल तथा अन्य रसायनहरु कम गर्नका लागि प्रभावित ठाउँमा जानु भन्दा पहिले गाडीहरुलाई बनाएर लैजानु पर्ने । पुराना थोत्रा गाडीहरु संचालन गर्न नदिने । ढुवानी साधनको महत्वपुर्ण पार्ट टायर, ब्रेक, इन्जीनको अवस्था ठिक पारेर मात्र ढुवानी गर्ने । |

# अध्याय आठ

## ८ प्रभाव बढोत्तीकरण एवं न्युनिकरण गर्ने उपायहरु

### ८.१ प्रभाव न्युनीकरणका उपायहरु

प्रस्तावित क्षेत्रमा ढुङ्गा ,गिट्टी, वालुवाको संकलन/उत्खनन गर्दा पर्न जने असरहरुको न्युनीकरण निम्न तरीकाले गरिने छ।

८.१.१ भौतिक वातावरण

**नदी किनार कटान**

जथाभाविरुपले नदीजन्य पदार्थ निकालेमा नदी किनारमा क्षति पुऱ्याउने खतरा रहन्छ र नजिकमा रहेको गाऊंलाई प्रभाव पार्न सक्छ। त्यसकारणले यो स्थानमा जथाभाविरुपले नदीजन्य पदार्थ निकाल्न नदिने र IEE रिर्पोटले सुझव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने। बेलाबेलामा गाउँपालिकाबाट अनुगमन गरिने छ। संकलन उत्खनन क्षेत्रको नाम, निश्चित क्षेत्रफल, लम्बाई, चौडाई, गहिराइ, कुल परिमाण र समयावधि सहितको सुचना पाटी राख्नु पर्ने छ। साथै स्थानिय बासिन्दाहरुबाट अनुगमन सिमिति बनाई सुचना पाटी अनुसार उत्खनन् कार्य भए नभएको अनुगमन गर्न लगाउने।

**नदीजन्य पदार्थ IEE ले सुझाव गरेको भन्दा बढी उत्खनन**

उत्खनन्कर्ताले जथाभावि रुपमा IEE अध्ययनले सिफारिस गरेको परिमाण भन्दा बढी नदीजन्य पदार्थ उत्खनन गर्न सक्ने संभावना भएकोले बढी उत्खनन नियन्त्रणका लागि Technicle tool को रुपमा गाउँपालिकाले कार्यविधि बनाई लागु गर्न सक्ने छ। साथै नदीको सतह भन्दा गहिरो हुने गरी नदीजन्य पदार्थ निकाल्न नदिने। जथाभाविरुपले नदीजन्य पदार्थ निकाल्यो भने यहाँ नदी किनारामा क्षेति पुऱ्याउने खतरा हुन्छ।IEE रिर्पोटले सुझाव गरेको परिमाण निश्चित स्थलबाट मात्र निकाल्ने।

**भौतिक संरचनामा हुने असर**

निकासी ढुवानी हुने मार्ग निर्धारण गरी सोही मागबाट मात्र नदीजन्य पदार्थ ढुवानी गर्ने र यस्तो मार्गको नियमित मरमत संहार गर्ने व्यवस्था मिलाउने। ढुवानी साधनको क्षमता भन्दा बढी पदार्थ राखेर ओसार पसार नगर्ने। पुलको ५०० मीटर क्षेत्र भित्र र अन्य सार्वजनिक संरचनाको १०० मीटर भित्र उत्खनन तथा संकलन कार्य नगर्ने।

**फोहर तथा जल प्रदुषण**

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन कार्यमा संलग्न कामदारहरुद्वारा खोलामा फोहर पार्ने काम हुन्छ। खानेकुरा र प्लास्टिकका सामानहरु इत्र तत्र फाल्ने काम हुन्छ। यसको न्युनीकरणको लागि ठाउँ-ठाउँमा फोहर फाल्ने भाडा (डोको ) राखिने छ र हप्तामा कम्तिमा एक पटक त्यस्ता फोहरहरु संकलन गरी उपयुक्त स्थानमा विसर्जन गराईने छ।

**वायु तथा ध्वनि प्रदुषण**

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन कार्यमा धुलोको कारण वायु प्रदुषण हुन्छ। त्यसै गरी ढुवानी साधनहरुको आवागमनले धुलो र ध्वनि उत्पन्न गराउंछ। त्यसकारण वायु प्रदुषण कम गर्ने उपायहरुमा ढुवानी साधनहरुमा बालुवा

र गिट्टी लोड गरिसकेपछि अनिवार्य त्रिपालद्वारा ढाकिने छ । त्यसै गरी ढुवानी साधनहरुमा प्रेशर हर्न र धेरै पुरानो साधनको प्रयोग निषेध गरिनेछ ।

### संकलन/उत्खनन् सामाग्रीको भण्डारणको प्रभाव

संकलन/उत्खनन गरिएका पदार्थहरु तत्काल ढुवानी प्रबन्ध मिलाउने । घाटगद्दीको व्यवस्था उत्खनन् स्थल नजिक नगरिने ।

८.१.२ सामाजिक-आर्थिक प्रभाव

### धर्म, संस्कृति तथा परम्परामा प्रभाव

स्थानीयवासिहरु कामदारको रुपमा कार्य गर्ने हुनाले धर्म, संस्कृति तथा परम्परामा अन्य कुनै नकारात्मक प्रभाव पर्ने छैन ।

### पेशागत स्वास्थ्य तथा सुरक्षा

ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन गर्दा कामदारहरुलाई चोटपटक लाग्न सक्छ । त्यसै गरि ढुंगा गिट्टी उछिट्टिएर पनि जिउमा चोट लाग्न सक्छ । धुलोका कारणले स्वास-प्रस्वास एवं आंखाका रोगहरु लाग्न सक्छ । ढुवानी साधनहरुको आवतजावतले आकस्मिक दुर्घटनाको संभावना पनि त्यतिकै रहन्छ । चोट पटक र धुलोको कारणले स्वास्थ्यमा हुने प्रतिकुल असर न्युनीकरण गर्न कामदारहरुलाई स्वास्थ्य तथा सुरक्षाका आधारभूत जनकारी,सुरक्षा सामाग्रीहरु जस्तै मास्क, बुट, पञ्जा, हेलमेट, र प्राथमिक उपचारका लागि जस्तै टिंचर,आयोडिन, व्याण्डेज प्याड, टेप आदि उपलब्ध गराइने छ । त्यसक्षेत्रमा खुला दिसा पिसाब रोक्नु पर्ने र कामदारको लागि अस्थाई रुपले भएपनी सौचालय को व्यवस्था गर्नु पर्ने छ ।

### नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण

बहिरबाट कामदारहरु भित्रिएको अवस्थामा नदीको वरपर वस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्छ । त्यसैले स्थानिय बासिन्दालाई उत्त काममा प्राथमिकता दिने र रातको समयमा ढुंगा,गिट्टी,वालुवाको संकलन कार्य गर्न नदिने र रातको समयमा कामदारहरुलाई बगर क्षेत्रमा बस्न नदिने । नदीको वरपरको ठाँउमा वस्ती विस्तार एवं नदी अतिक्रमण हुन सक्ने भएकाले त्यस ठाउँहरुमा गाउँपालिकाले बेलाबेलामा अनुगमन गर्नु पर्ने । कामदारहरुको लागि काम गर्दा दिनमा छाँयामा बस्नको लागि अस्थाई रुपमा लेवर क्याम्प ( Labour Camp ) बनाउन सकिने छ ।

८.१.३ जैविक वातावरण

### वन्यजन्तु तथा माछा

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन कार्यमा संलग्न श्रमिकहरु र चालक दलका सदस्यहरु तथा ढुवानीका साधनको आवागमन र उत्पन्न ध्वनिले वन्यजन्तुको प्राकृतिक विचरण र वासस्थानमा खलल पुग्छ । त्यसका साथै वनमा पाइने वन्यजन्तु प्रजातिहरुको अवैधानिक शिकार पनि हुन्छ । यी कार्यहरुको न्युनीकरणका लागि जैविक विविधता र वतावरण सम्बन्धि जनचेतना जगाउने र विद्यमान नेपाल सरकारले अख्तीयारी गरेको कानुन बारे जानकारी गराइने छ ।

वन्यजन्तु, माछा एवं अन्य जलचरमा जिबहरुलाई मार्ने सम्भावना हुने भएकाले त्यस ठाउँमा माछा मार्ने मानिसलाई कारबाहिको व्यवस्था गर्नु पर्ने । कामदारहरुलाई वन क्षेत्रमा बस्न नदिने र हो हल्ला गर्न नदिने । ढुवानिका साधनहरुलाई हर्न निषेध गर्नु पर्ने ।

## ८.१.४ रशायनिक वातावरण

### रशायनको प्रयोगले हुने असरहरु

यस्तो रशायनहरुको प्रयोग गर्दा सावधानी अपनाईनेछ र यसको भण्डारण गरिनेछ। अति आवश्यक क्षणमा मात्र नदी किनारमा मर्मत तथा संभार गरिनेछ।

**तालिका न.८.१ :**प्रभाव बढोत्तीकराण एवं न्युनिकरण का उपायहरुको बिबरण

| क्रियाकलाप | सकारात्मक प्रभाबहरु | सम्वन्धित सकारात्मक असरहरु | प्रभावको प्रकार Type of Impact **(*)** | | | | | प्रभाव वढाउने उपाय | उपाय कार्यान्वयन गर्न लाग्ने खर्च(ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | बिस्तार | अवधि | कुल योगफल कति महत्वपुर्ण | | | |
| भौतिक प्रभाव | | | | | | | | | | |
| संकलन/ उत्खनन | वाढी एवं अन्य जल उत्पन्न प्रकोपको न्यूनिकरण | कम जनधनको क्षति | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | लामो समयीत (२०) | (६०) मध्यम रुपमा महत्वपूण (M.Significant) | अनुगमन, जनचेतना, दिगो एवं वातावरण मैत्री संकलन/उत्खनन | ---- | सम्बन्धित निकाय |
| सामाजिक-आर्थिक तथा सांस्कृतिक | | | | | | | | | | |
| संकलन/ उत्खनन | रोजगारीको अवसर | स्थानिय बासिन्दाहरुले रोजगार पाई आयअर्जन मा बृद्धि | प्र | उ (६०) | स्था (२०) | दी ( २०) | १०० | स्थानियलाई प्राथमिकता | ---- | सम्बन्धित निकाय |

| कियाकलाप | नकारात्मक प्रभावहरु | सम्वन्धित नकारात्मक असरहरु | प्रभावको प्रकारType of Impact(*) | | | | | प्रस्तावित न्यूनिकरणका उपायहरु | प्रभाव न्यूनिकरण खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अबधि | कुल योगफल/कती महत्वपूण | | | |
| भैतिक वातावरण | | | | | | | | | | |
| संकलन/ उत्खनन | नदी किनार कटान | ठेकदारले जथाभावि धेरै नदी जन्य पर्दाथ निकाल्न सक्ने | प्र. | उ(६०) | स्था (२०) | दी (२०) | १०० | जैविक इन्जिनियरिंग, संरचना निर्माण, सुचना पाटी राख्नु पर्ने,संकलन/उत्खनन् कार्यविधि बनाएर गर्नु पर्ने | २,००,००० | सम्बन्धित निकाय /ठेकदार |
| संकलन/ उत्खनन | पानीको प्राकृतिक बहाब-मार्ग कायम | नदीको दायँ,बायाँ भागमा नदी जन्य पदार्थ निकाल्न सक्ने | प्र. | उ (६०) | स्था (२०) | दी (२०) | १०० | सुख्खा मौसमको बेलामा बग्ने नदी किनाराबाट दायां बायां ५ – ५ मी सम्म उत्खनन् कार्य नगर्ने । | ---- | सम्बन्धित निकाय /ठेकदार |
| संकलन/ उत्खनन | फोहर तथा जल प्रदुषण | कामदारहरुको चापले गर्दा फोहर तथा जल प्रदुषण | प्र. | उ (६०) | स्था (२०) | दी ( २०) | १०० | फोहर संकलन र उपयुक्त स्थानमा विसर्जन, ढुवानि साधनलाई खोलामा धुन निषेद्द | ---- | सम्बन्धित निकाय / ठेकदार |

| कियाकलाप | नकारात्मक प्रभावहरु | सम्वन्धित नकारात्मक असरहरु | प्रभावको प्रकारType of Impact**(*)** | | | | | प्रस्तावित न्यूनिकरणका उपायहरु | प्रभाव न्यूनिकरण खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अबधि | कुल योगफल/कती महत्वपूण | | | |
| संकलन/ उत्खनन | बायु तथा ध्वनि प्रदुषण | ढुवानी साधनहरुको चापले गर्दा बायु प्रदुषण | प्र. | उ (६०) | स्था (२०) | दी (२०) | १०० | ढुवानी साधनलाई त्रिपालले छोप्ने,प्रेशर हर्न निषेध, धेरै धुलो उढेमा पानी छर्किने | ---- | सम्बन्धित निकाय /ठेकेदार |
| संकलन/ उत्खनन | पानी प्रदुषण एवं सरसफाइमा कमी | फोहर वातावरण, सरुवा रोग फैलन सक्ने सम्भावना | प्रत्यक्ष | मध्यम (२०) | स्थानीय (२०) | लामो समय (२०) | मध्यम रुपमा महत्वपूर्ण (M.Significant) (६०) | अस्थाई सार्बजनिक सौचालयको निर्माण | ७०,००० | सम्बन्धित निकाय, ठेकेदार |
| जैविक वातावरण | | | | | | | | | | |
| संकलन/ उत्खनन | बन्यजन्तु तथा माछा | बन्यजन्तु र माछा को शिकार हुन सक्छ । | अप्र | म (२०) | स्था (२०) | दी (२०) | ६० | अभिमुखिकरण<br>उत्खन्न क्षेत्र नजिक रहेको वनलाइ काँडे तारले घेर्नु पर्ने । | ५०,००० | सम्बन्धित निकाय, स्थानिय बासी, जिल्ला वन कार्यालय |
| **सामाजिक-आर्थिक तथा सांस्कृतिक वातावरण** | | | | | | | | | | |

| क्रियाकलाप | नकारात्मक प्रभावहरु | सम्वन्धित नकारात्मक असरहरु | प्रभावको प्रकारType of Impact(*) | | | | | प्रस्तावित न्यूनिकरणका उपायहरु | प्रभाव न्यूनिकरण खर्च (ने.रु.) | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अबधि | कुल योगफल/कती महत्वपूण | | | |
| संकलन/ उत्खनन | धर्म,संस्कृति तथा परम्परामा प्रभाव | प्रभाब नपर्ने | ---- | ---- | ---- | ---- | ---- | ---- | ---- | प्रभाव नपर्ने |
| संकलन/ उत्खनन | स्वास्थ्य तथा सुरक्षा | काम गर्दा कहिले काहि अप्रिय घटना हुन सक्ने | अ. प्र. | म (२०) | स्था (२०) | दी (२०) | ६० | स्वास्थय सुरक्षा सम्बन्धि तालिम/आधारभूत सुरक्षाका सामग्रीहरु | **१,००,०००** | सम्बन्धित निकाय, ठेकेदार |
| संकलन/ उत्खनन | विकासका संरचनाहरुको संरक्षण | प्रभाब पर्ने | प्र | म (२०) | स्था (२०) | दी (२०) | ६० | बाटोको निर्माण तथा मर्मत संभार | ५,००,००० | सम्बन्धित निकाय /ठेकेदार |

# अध्याय नौ

## ९ वातावरणीय व्यवस्थापन योजना

बातावरण संरक्षण नियमावली, २०५४ अनुसार अनुगमन कार्यमा प्रस्तावक जिम्मेवार निकाय हुन पर्दछ । विभिन्न वातावरणीय समस्याहरु, प्रतिकुल प्रभावहरुको न्युनीकरणका उपायहरु, अनुकूल प्रभावका अभिबृद्धि आदि ठीक र सहि ढंगबाट कार्यान्वियन भइरहेको छ वा छैन भनी अध्ययन गर्न अनुगमन गर्नु अनिवार्य आवश्यकता हो । वातावरण मैत्री कृयाकलापहरुको कार्यन्वयनले मात्र वातावरणीय प्रतिकुल प्रभावहरुलाई न्युनीकरण गर्न सकिन्छ । अनुगमन नियमित र कडाईका साथ भएन भने कायान्वयन पक्ष फितलो र अप्रभावकारी हुन्छ । त्यसैले प्रस्तावमा उल्लेखित न्युनीकरण उपायहरुको प्रभावकारी कार्यन्वयनका लागि प्रस्तावकले अनुगमन गर्नु पर्दछ । ढुङ्गा, गिट्टी, बालुवा संकलनबाट वातावरणमा पर्न सक्ने असरहरुको प्राविधिक दृष्टिकोण सहितको व्यवस्थापन योजनाको अवधारणको आवस्यकता हुन्छ । यस्तो अवधारणमा योजना,संगठन, श्रमशक्ति, निर्देशिका, समन्वय, प्रगति तथा लागतको समावेश हुन्छ । सकारात्मक पक्षहरुको अभिबृद्धि र नकारात्मक पक्षहरुको न्युनीकरणका उपायहरु कार्यन्वयन गर्नलाई के गर्ने, कसरी गर्ने, कहां गर्ने, कहिले गर्ने र कसले गर्ने भन्ने विस्तृत अवधारणा सहितको योजना तयार गर्नु पर्ने हुन्छ । वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरु उपयुक्तरुपमा कार्यन्वयन भएको छ कि छैन, यसको प्रभाबकारी अनुगमन तथा मुल्यांकन भएको छ कि छैन भन्ने कुराको निर्देश गर्छ ।

### ९.१ वातावरणीय व्यवस्थापनका लागि जिम्मेबार निकायहरु

९.१.१ स्थानिय स्तरका जिम्मेबार निकायहरु

#### गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु

नगरपालिका तथा विभिन्न स्थानीय क्लबहरु, गैह्र सरकारी संस्थाहरु, साझेदारी वन उपभोक्ता आदि संघ संस्थाहरुले ढुंगा, गिट्टी, बालुवा संकलन र ढुवानी कार्य र वातावरण संरक्षणमा प्रमुख भुमिका खेल्न सक्नेछन् ।

#### जिल्ला समन्वय समिति

नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् र ढुवानी गर्न स्विकृत प्रदान गर्ने संस्था मध्ये एक जिल्ला समन्वय समिति पनि हो । नदी खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन कार्यको कार्यन्वयन र अनुगमन गर्ने जिल्ला समन्वय समिति जिल्ला कै सबैभन्दा उच्च संस्था हो । ढुंगा, गिट्टी, बालुवा संकलन सम्बन्धि योजना र नीतिहरु जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाईन्छ ।

#### जिल्ला वन कार्यलय

जिल्ला वन कार्यलयको वन क्षेत्र भित्र पर्ने नदी खोलाहरुवाट ढुंगा, गिट्टी, बालुवा संकलन/उत्खनन कार्यको स्विकृती दिन सक्ने अधिकारीक संस्था जिल्ला वन कार्यलय हो । तर प्रस्तावित ढुंगा, गिट्टी, बलुवा संकलन क्षेत्र वनमा नपर्ने हुदा उत्तकार्य जिल्ला समन्वय समितिको अनुमतिमा गर्न पाईन्छ ।

#### जल उत्पन्न प्रकोप नियन्त्रण कार्यलय

नदी खोलाहरुबवाट उत्पन्न प्रकोपसंग सम्बन्धित यो कार्यालयसंग प्रस्ताव कार्यान्वयन गर्दा समन्वय हुन जरुरी छ । जल उत्पन्न प्रकोप नियन्त्रण विशेषज्ञहरुको राय सुझाव र प्राविधिक ज्ञान निकै उपयोगी हुन सक्छ ।

## जिल्ला अनुगमन समिति

नदी खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् र ढुवानीको अनुगमन जिल्ला समन्वय समिति अन्तर्गतको जिल्ला अनुगमन समितिले पनि गर्ने छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जि.स.स. लाई पत्र संख्या २०७५/७६ र चलानी नं. ११९ मा अनुगमन समिति र कार्यादेश सम्बन्धमा भन्ने विषयमा काटेको पत्र अनुसार नदीजन्य तथा ढुंगा, गिट्टी, बालुवा तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन तथा समन्वय समिति रहने भनी निर्णय गरिएको छ। (मिति २०७५ कार्तिक ८ गते निर्णय गरिएको)

| | |
|---|---|
| १. जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| २. जिल्ला समन्वय समितिको उप-प्रमुख | सदस्य |
| ३. प्रमुख जिल्ला अधिकारी | सदस्य |
| ४. जिल्ला प्रहरी प्रमुख | सदस्य |
| ५. प्रमुख सशस्त्र प्रहरी बल | सदस्य |
| ६. नेपाल सरकार वा प्रदेश अन्तर्गत जिल्लामा कार्यरत वन, वातावरण तथा भूसंरक्षण सम्बन्धित अनुगमन समितिले तोकेको कार्यालाय प्रमुख | सदस्य |
| ७. नेपाल सरकार वा प्रदेश अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर | सदस्य |
| ८. जिल्ला समन्वय अधिकारी | सदस्य सचिव |

## जिल्ला प्राविधिक अनुगमन उप समिति

नदी खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन कार्यको कार्यान्वयन र अनुगमन गर्ने जिल्ला प्राविधिक कार्यलय अन्तर्गतको जिल्ला प्राविधिक अनुगमन उप समिति पनि हो। यसले नदी खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन कार्यको प्राविधिक पक्षको अनुगमन गर्नु पर्ने छ।

## गाउँपालिका / नगरपालिका

गाउँपालिका/नगरपालिकाले पनि कार्यालय र स्थानिय बासिन्दाले दिएको राय सुझाव अनुसार काम भैरहेको छ वा छैन भन्ने कुराको  अनुगमन गर्नु पर्ने छ।

९.१.२   केन्द्रिय स्तरका जिम्मेबार निकायहरु

## जनसख्या तथा वातावरण मन्त्रालय

वातावरणीय असरहरु र तिनीहरुको न्युनीकरणका उपायहरुको सवाल आउन साथ वातावरण मन्त्रालयको सन्दर्भ अनिवार्य हुन्छ। वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली जारी गर्ने केन्द्रस्तरको संस्था वातावरण मन्त्रालय हो।

त्यसैले प्रारम्भिक वातावरण परिक्षण प्रतिवेन र वातावरण प्रभाव मुल्यांकन गर्दा वातावरण संरक्षण ऐन र नियमावलीलाई मुख्य अधार वनाउनु अनिवार्य हुन्छ ।

## वन तथा भु-संरक्षण मन्त्रालय

वन जंगल क्षेत्र भित्र पर्ने सबै प्रकारका नदी खोलाहरु वन तथा भु-संरक्षण मन्त्रालयको कार्य क्षेत्र भित्र पर्छन र तिनीहरुको व्यवस्थापनको लागि जिल्लास्तरमा जिल्ला वन कार्यालय हुन्छ । त्यसकारण नदी खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन/उत्खनन् कार्यमा यी दुई मन्त्रालयको अहम भुमिका भएको हुनाले यिनीहरुको समन्वय अति आवश्क हुन्छ ।

९.१.३ अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका २०५० ले अबस्था अनुसार आधार रेखा अनुगमन (Baseline Monitoring), नियमपालन अनुगमन (Compliance Monitoring) र प्रभाव अनुगमन (Impact Monitoring) गरी ३ प्रकारका अनुगमन प्रस्ताव गरिएका छन् । यस प्रारम्भीक वातावरणीय परिक्षणले गरेका अनुगमन प्रस्तावहरुको विस्तृत विवरण यस प्रकार रहेका छन ।

क. आधाररेखा अनुगमन

आधाररेखा अनुगमनको लागि गाउँपालिका जिम्मेवार हुनेछ । अनुगमनको लागि गाउँपालिकाले खटाएका कर्मचारीले उत्खनन स्थलको स्थलगत भ्रमणमा जानेछन । भ्रमणको क्रममा कर्मचारीले खोलाको तटिए अवस्था, भिर खोला किनाराको उत्खननको अवस्था, नजिकका रुखहरुको अवस्था र नदीको वहावको अवस्थाको वारेमा अध्ययन गर्नेछन । यस प्रकारको अनुगमन प्रत्येक ६, ६ महिनामा गर्नुपर्नेछ ।

ख. नियमपालन अनुगमन

सम्झौता अनुसार वा कानुनी पालन गरे नगरेको अनुगमन गर्ने जिम्मेवारी गाउँपालिकाको हुन्छ भने सोको पालना गर्ने दायीत्व ठेकेदारको हुन्छ । यसप्रकार नियमपालन गराउने र गर्ने क्रममा हुने अनुगमनमा सम्बन्धीत निकायले तल प्रस्तुत गरे अनुसारको कार्यहरु गर्नु पर्नेछ ।

- प्रारम्भीक वातावरणीय परिक्षणले प्रस्ताव गरेका वातावरणीय न्यूनीकरणका कार्यहरु भए नभएको अनुगमन गर्ने।
- ठेक्कामा प्रस्तुत भए अनुसारको प्रविधिले उत्खनन् गरे नगरेको वा भए नभएको अनुगमन गर्ने ।
- तोकिएको परमाण मात्र संकलन भए नभएको अनुगमन गर्ने ।
- भौतिक जैविक र सामाजिक संरचनाहरुको संरक्षण भए नभएको अनुगमन गर्ने ।

ग. प्रभाव अनुगमन

योजना संचालन गर्दा पर्न सक्ने प्रभावहरुको निरन्तर अनुगमन हुनु आवश्यक हुन्छ । प्रभाव अनुगमनको प्रमुख जिम्मेवारी गाउँपालिका र ठेकेदारको रहनेछ । प्रभाव अनुगमन कार्य गर्दा देहायका विषयहरुमा ध्यान दिनु पर्ने र गर्नुपर्नेछ ।

- योजना क्षेत्र वरपरका जनतासंग निरन्तर सल्लाह र सुझाव माग्ने ।

- योजना क्षेत्र वरपरका वन तथा वन्यजन्तुलाई असर परे नपरेको अनुगमन गर्ने ।
- योजना कार्यान्वयनले गर्दा नदीको वहावलाई कुनै असर परे नपरेको अनुगमन गर्ने ।
- वायु, जल र ध्वनीको प्रदुषण भए नभएको अनुगमन गर्ने ।
- स्थानीय रोजगारी प्रदान गरे नगरेको अनुगमन गर्ने ।

यस ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन कार्यको अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका यस प्रकार छ ।

**तलिका नं ९.१**:अनुगमन तथा बातावरण व्यवस्थापन योजना र समय तालिका

| क.स. | अनुगमन प्रकार | विषय बस्तु | अनुगमन गर्ने स्थान | सुचक | विधि | समय | कुल रकम | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधार रेखा अनुगमन | खोलाको तटिए अवस्था, भिरको अवस्था, बहाबको अवस्था, छेउछाउको रुखहरुको अवस्था | सबै संकलन क्षेत्रहरु | खोलाको अवस्था | स्थलगत निरिक्षण | प्रत्येक ६ महिनामा | १०,००० | गाउँपालिका |
| २ | पालना अनुगमन | सिफारिस गरिएका न्यूनीकरणका कार्य भए नभएको | न्युनीकरणका उपायहरु दिईएका स्थानहरु | उत्खनन् कार्य तोकिएको | ठेक्का सम्झौताको सम्पुर्ण व्यहोरा अध्ययन | प्रत्येक ३ महिनामा | १०,००० | गाउँपालिका |
| ३ | | संकलन ईजाजत अनुसार काम भए नभएको | संकलन क्षेत्र | स्थान र मापदण्ड र मात्रामा संकलन गरेको हेर्ने | स्थलगत निरक्षण, स्थानीयसंग छलफल | प्रत्येक ६ महिनामा | १०,००० | गाउँपालिका |
| ४ | | तोकिएको परिमाण वा बढी संकलन गरेको तथा संवेदनशील स्थानमा संकलनकार्य भए नभएको | सबै संकलन क्षेत्रहरु | रेकर्ड हेर्ने तथा पैदावारको निरिक्षण, संवेदनशील क्षेत्रको विवरण | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | १०,००० | गाउँपालिका,ठेकदार |
| ५ | | भौतिक संरचनाको संरक्षण भए नभएको | सबै संकलन क्षेत्रहरु | नदी किनारको संरक्षित क्षेत्र, भौतिक संरचना तलमाथिको क्षेत्र, नदीको बहाव आदि | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | १०,००० | गाउँपालिका,ठेकदार |
| ६ | प्रभाव अनुगमन | भू संरक्षण कार्य गरे नगरेको | सबै संकलन स्थानको नदीको किनारा | नदी किनारको अवस्था, गल्छी निर्माण, छेकवाँध, बाटो | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | १०,००० | गाउँपालिका,ठेकदार |
| ७ | | वायु, धुवा, ध्वनीको प्रदुषण | सबै संकलन क्षेत्रहरु पार्ने वाड | संकलन गर्ने तरिका तथा ढुवानीमा प्रयोग हुने सवारी साधनको निरिक्षण | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | १०,००० | गाउँपालिका,ठेकदार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | | जैविक विविधता तथा बासस्थानमा असर परे नपरेको | सबै संकलन स्थलको नदीमा | वन र वनस्पतिको अवस्था, बन्यजन्तु र माछाको अवस्था, स्थानियसँग छलफल | स्थलगत निरिक्षण | आबश्यकता अनुसार प्रत्येक ३,३ महिनामा | १०,००० | गाउँपालिका, जिल्ला वन कार्यालय, ठेकदार |

९.१.४  अनुगमन  र न्युनिकरणको खर्चको विवरण
आयोजना कार्यान्वयन पुर्व, कार्यान्वयन भइरहेको समयमा र कार्यान्वयन पश्चात नियमित अनुगमन गरिने हुंदा त्यसको लागि निम्न रकम छुट्याइएको छ।

**तालिका न.९.२ अनुगमन  र न्युनिकरणको खर्चको विवरण**

| सि.न. | कृयाकलाप | अनुमानित रकम | अनुगमन गर्ने निकाय |
|---|---|---|---|
| १ | अनुगमन गरिने कृयाकलाप | ८०,०००।- | सम्बन्धित निकाय/ जि.अ.स. |
| २ | नदी किनार कटान संरक्षण | २,००,०००।- | सम्बन्धित निकाय / जि.अ.स. |
| ३ | वन तथा वन्यजन्तु संरक्षण | ५०,०००।- | सम्बन्धित निकाय / जि.ब.का/ जि.अ.स. |
| ३ | स्वास्थ्य तथा सुरक्षा | १,००,०००।- | सम्बन्धित निकाय / जि.अ.स. |
| ४ | अस्थायी सार्वजनिक शौचालयको निर्माण | ७०,०००।- | सम्बन्धित निकाय / जि.अ.स. |
| ५ | बाटोको निर्माण तथा मर्मत सम्भार | ५,००,०००।- | सम्बन्धित निकाय / जि.अ.स. |
| | **जम्मा** | **१०,००,०००।-** | |


**अनुगमन र न्युनिकरणको खर्चको प्रति वर्ष रु १०,००,०००।-**

९.१.५  बातावरणीय व्यवस्थापन योजना कार्यन्वयलनका लागि जिम्मेबार निकायहरुको संगठनात्मक स्वरुप
विशेषज्ञ अनुगमन टोलीहरु निम्न रहेका छन्।

**तालिका न.९.३  विशेषज्ञ अनुगमन टोली**

| क.स. | विशेषज्ञ |
|---|---|
| १ | वातावरण इन्जिनियर |
| २ | समाजशास्त्रि |
| ३ | वनस्पतिशास्त्री |
| ४ | जियोलोजिष्ट |

**वातावरणीय व्यवस्थापन योजना कार्यन्वयलनका लागि जिम्मेबार निकायहरुको संगठनात्मक स्वरुप निम्न रुपले देखाईको छ।**



# अध्याय दश

## १० निष्कर्ष

ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन गर्ने सुनकोशी नदीको प्रस्तावित क्षेत्र कुनै विशेष संवेदनशिल क्षेत्रमा पर्दैन । प्रस्ताव कार्यान्वयनको चरणमा दैनिक २३९ घनमिटर मात्र नदीजन्य वस्तुको संकलन गरिने हुँदा ठूलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति देखिदैन । मुख्यरुपमा सामाजिक-आर्थिक तथा सांस्कृतिक, जैविक र भौतिक वातावरणमा पर्ने प्रतिकूल प्रभावहरुको न्युनीकरणका उपायहरु कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परिक्षणको उद्देश्य हो ।

प्रस्ताव कार्यन्वयन गरिदा ठूलो क्षति हुने वा अपेक्षाकृत धेरै प्रतिकूल प्रभावहरु पर्ने स्थिति, देखिदैन । त्यसकारणले अनुगमन कार्यलाई नियमितरुपमा निरन्तरता दिई उत्त खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन/उत्खनन् गर्न सकिन्छ ।

१०.१ गाउँपालिका को प्रतिवद्धता

- अनगमन योजनामा दिइएका न्युनीकरणका उपायहरुको अनिवार्य कार्यन्वयन र त्यसको नियमित अनुगमन गरिने छ ।
- स्थानीय वासीको समस्याहरु बुझि नियमित रुपमा उनीहरुको राय सुझाव लिइने छ ।
- रोजगारीको लागि स्थानीयलाई प्राथमिकता दिइने छ ।
- प्रत्येक वर्ष बर्षायाम सकिए पछि थुप्रिएको ढुङ्गा, गिट्टी, बालुवाको परिमाण नापजांच अभिलेख राखिने छ ।
- ठेक्का संझौतामा उल्लेख भएको परीमाण, स्थान आदिको नियमित अनुगमन गरिने छ ।
- जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भएको जिल्ला अनुगमन समितिद्वारा नियमित अनुगमन गरिने छ ।
- सम्बन्धित निकायले उत्खनन् कार्यलाई व्यवस्थित गर्न यस प्रतिवेदनको अघितमा रहि कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

# अनुसुची


# अनुसुची १

# स्वीकृत कार्यसूचीको छायाँप्रती (Photocopy)

# अनुसुची २

# प्रस्तावित क्षेत्रका नक्साहरु

# Location map of Chaurideurali Rural Municipality







*Figure 1: Google map showing Timrenibeshi bagar and Jagati bagar*







*Figure 2: Google map showing Dovantaar bagar*

# Topo map of Timrenibeshi and Jagati bagar extraction sites



# Topo map of Dovantaar extraction sites



# अनुसुची ३

# सार्वजनिक सुचनाटाँस / सार्वजनिक सुचनाटाँसको मुचुल्का तथा सिफारिस पत्र

सौर्य दैनिक
SOURYA NATIONAL DAILY
Friday, 28 September 2018 www.souryadaily.com

ओखती
जडीबुटीको शक्ति

गाउँपालिकामा दुई जना मात्र बहुअपांगता भएका बालबालिका रहेका छन् ।

खरिद गरिदिने भएपछि विकट पालिताका स्थानीय अध्यक्षको यो घोषणाबाट आफूहरु निकै खुसी भएको प्रतिक्रिया दिएका छन् ।

गरेको छु',
ाइयो होला
ात गरिएन
आहले न
कामाउन
ालिका-१२
ा पैसा हुँदा
ा बताइन् ।
ा सिकाएन
ुरा कसरी
ाले सम्झेर
; बाचुन्नेल
मनकलीले
ाि भएपछि
र नियमित
सल्यानका
ृ । वित्तीय
ा सहकारी
सय बद्दीले
पुरु गरेको

ान भएपछि
निमबहादुर
ामा बचत,
; बजेटका
व्यवहारमा
भने ।

**चौरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७५।०६।१२

काभ्रेपलाञ्चोक जिल्लाको चौरीदेउराली गाउँपालिका भएर बग्ने सुनकोशी नदी र चौरीखोलाको विभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायतका नदीजन्य पदार्थहरु संकलन तथा उत्खनन् गर्ने प्रस्ताव गरिएको छ । यस कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ (पछिल्लो संसोधन सहित) को नियम ३ को अनुसूची १ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरी प्रतिवेदन तयार गर्न लागिएकोले तल उल्लेखित उक्त प्रस्ताव कार्यान्वयन हुँदा देहायका क्षेत्रमा प्रस्तावित कार्यबाट पर्न सक्ने भौतिक, जैवीक, रासायनिक, समाजिक, आर्थिक तथा सांस्कृतिक एवं यिनका अवयवहरु र अन्तरसम्बन्धमा पर्ने प्रभावहरुको बारेमा सम्बन्धित वडा कार्यलय, गा.पा.क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी र सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र लिखित राय सुझाव र प्रतिकिया पठाई सहयोग गरिदिनु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| सि.न. | नदी/खोलाको नाम | अध्ययन गरिने क्षेत्र | प्रभावित वडा न. |
|---|---|---|---|
| १ | सुनकोशी नदी | खहरेखोला बगर, खाहरेघाट बगर, पचुवारघाट बगर, रानिदह बगर र दोभानटार बगर | ६, ७ र ८ |
| २ | चौरीखोला | लामबगर, आमथोटे बगर, थैरेलु बगर, र कोइली बगर | २, ५, ६ र ७ |

राय सुझाव पठाउने ठेगाना:
**चौरीदेउराली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
डाडखर्क, काभ्रेपलाञ्चोक
फोन : ९७५१००३०३०

प्रदेश नं.३ अन्तर्गत पर्ने काभ्रे जिल्लको चौरीदेउराली गाँउपालिकाको चौरी र सुनकोशी नदीको बिभिन्न वगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपले नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा प्रस्तावित आयोजनाको कार्ययोजनावाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा परामर्शदाता संस्थाको अध्ययन टोली आयोजना क्षेत्र चौरीदेउराली गाँउपालिकाको सरोकारवालाहरुसँग आज मिती २०७५-०६-१६ गते यस चौरीदेउराली गाँउपालिकाको वडा नं..६..... स्थित ..देउराली..... मा छलफल गरी तपसिल अनुसार रायसुझाव संकलन गरीयो ।

<u>उपस्थिति</u>

| क.स. | नामथर | पदरपेशा | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | रेशम चौलागाईं | वडा-अध्यक्ष | | |
| २. | विष्णुमाया गौतम | सदस्य | | |
| ३. | अकुर गौतम | सदस्य | | अकुर |
| ४. | राजेन्द्र बास्कोटा | सदस्य | | |
| ५. | नन्दि गौतम | स्थानीय | | |
| ६. | तेज पन्त | " | | |
| ७. | नारायण गौतम | " | | |
| ८. | रमेश ठकुरी | " | | |
| ९. | लक्ष्मण तामाङ | " | | |
| १०. | राजेन्द्र गौतम | " | | |

<u>सरोकारवालाहरुवाट प्राप्त रायसुझावहरु</u>

१. ~~[illegible]~~ स्थानीय बासिन्दाहरुलाई रोजगारको अवसर दिनुपर्ने

२. निर्माण सामाग्रीहरुको सहज र उचित व्यबस्थापन मिलाई दिनु पर्ने

३. गाउँ बिकासमा टेवा पुऱ्याउन पर्ने

४.

प्रदेश नं.३ अन्तर्गत पर्ने काभ्रे जिल्लको चौरीदेउराली गाँउपालिकाको चौरी र सुनकोशी नदीको बिभिन्न वगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपले नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा प्रस्तावित आयोजनाको कार्ययोजनावाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा परामर्शदाता संस्थाको अध्ययन टोली आयोजना क्षेत्र चौरीदेउराली गाँउपालिकाको सरोकारवालाहरुसँग आज मिती २०७५-०६- १६ गते यस चौरीदेउराली गाँउपालिकाको वडा नं..6..... स्थित ...माटिन....... मा छलफल गरी तपसिल अनुसार रायसुझाव संकलन गरीयो ।

उपस्थिति

| क.स. | नामथर ~~हस्ताक्षर~~ | पदरपेशा | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | बिरवल लामा | अध्यक्ष | | Birbal |
| २. | चिनिमायाँ लामा | सदस्य | | चिनीमाया |
| ३. | कृष्ण गौतम | सदस्य | | कृष्ण गौतम |
| ४. | निमा लामा | सदस्य | | Neyma |
| ५. | ज्ञानु तामाङ | स्थानीय | | Gyanu Tamang |
| ६. | तुलसा गजमेर | सदस्य | | तुलसा |
| ७. | गजबीर लामा | स्थानीय | | [signature] |
| ८. | राममाया तामाङ | " | | रामाया |
| ९. | हिरामाया तामाङ | " | | हिरा |
| १०. | कान्छी लामा | " | | कान्छी लामा |

सरोकारवालाहरुवाट प्राप्त रायसुझावहरु

१. रोजगारी सृजना गर्ने

२. नदि किनारा कटानलाई ध्यान दिनुपर्ने

३. रानीदह सम्म यातायात सेवा पुर्याउन पर्ने

४.

प्रदेश नं.३ अन्तर्गत पर्ने काभ्रे जिल्लको चौरीदेउराली गाँउपालिकाको चौरी र सुनकोशी नदीको बिभिन्न वगर क्षेत्रबाट दिगो तथा वातावरण मैत्री रुपले नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्य गर्नको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने सिलसिलामा प्रस्तावित आयोजनाको कार्ययोजनावाट वातावरणमा पर्न सक्ने प्रभावको सम्वन्धमा परामर्शदाता संस्थाको अध्ययन टोली आयोजना क्षेत्र चौरीदेउराली गाँउपालिकाको सरोकारवालाहरुसँग आज मिती २०७५-०६- १५ गते यस चौरीदेउराली गाँउपालिकाको वडा नं....८... स्थित ...बिर्ता देउराली मा छलफल गरी तपसिल अनुसार रायसुझाव संकलन गरीयो ।

<u>उपस्थिति</u>

~~हस्ताक्षर~~

| क.स. | नामथर | पदरपेशा | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | धन लामा | अध्यक्ष | | Dhanle |
| २. | रमला पन्त | सदस्य | | रमला पन्त |
| ३. | लक्ष्मी थिसिङ | सदस्य | | Laxmi |
| ४. | उद्धव पौडेलगाईं | स्थानीय | | [signature] |
| ५. | गिता विक. | " | | गिता |
| ६. | राम लामा | " | | राम |
| ७. | काली पाण्डे | " | | [signature] |
| ८. | पृथु पन्त | " | | [signature] |
| ९. | साकिर पाण्डे | " | | Sakir |
| १०. | निशान पन्त | " | | [signature] |

<u>सरोकारवालाहरुवाट प्राप्त रायसुझावहरु</u>

१. रोजगारी को सृजना गर्ने

२. सडक सुविदा पुर्याउन पर्ने

३. निर्माणाधिन पुल आसपासको क्षेत्रमा विचार पुर्याउनु पर्ने

४.

# अनुसुचि ४

# प्रस्तावित क्षेत्र स्थित केही तस्विरहरु



तस्वीर : प्रस्तावित क्षेत्रको तस्वीर

संकलित राय तथा सुझावहरु

| क. सं. | राय तथा सुझावहरु | सच्याइएको ठाऊँ |
|---|---|---|
| १ | ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन कार्यको नियमित अनुगमन गर्ने व्यवस्थाका लागि अनुगमन तालिका तयार गरी नियमित अनुगमन योजना समावेश गर्ने । | तालिका नं. ७.१, ८.१ र ९.१ मा विस्तृत रुपमा उल्लेख गरिएको । |
| २ | वातावरण व्यवस्थापन योजना कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउनुर्पे जसमा सरोकारवाला निकायहरु जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय, सिंचाई विकास डिभिजन कार्यालय, जिल्ला प्रहरी कार्यालयसँग आवश्यक समन्वय गर्नुपर्ने । | अध्याय ९ मा विस्तृत रुपमा उल्लेख गरिएको । |
| ३ | ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन गर्दा खोला/नदीको प्राकृतिक धार र बहाव असर नगर्ने गरी उत्खनन्/संकलन क्षेत्र तोकिनुपर्ने । | सो अनुसार नै उत्खनन् क्षेत्र निर्धारण गरिएको । |
| ४ | उत्खनन्/संकलन क्षेत्र वरिपरि Bio-engineering गरी प्रतिकुल वातावरणीय प्रभाव न्युनीकरण गरी अनुकुल वातावरणीय प्रभाव बढोत्तरी गर्नुपर्ने । | पेज नं. ५३ को तालिका नं. ९.२ अनुगमन र न्युनीकरणको खर्च अनुसार आवश्यक स्थानमा Bio-engineering गर्न सकिने । |
| ५ | वन क्षेत्र पर्ने नपर्ने समबन्धमा डिभिजन वन कार्यालयसंगको समन्वयमा एकीन गरी वन क्षेत्र बाहेकको क्षेत्रहरुबाट मात्र नदीजन्य पदार्थ उत्खनन्का लागि प्रस्ताव गर्ने । सो सम्बन्धी डिभिजन वन कार्यालयको पत्र समेत प्रतिवेदनमा समावेश गर्ने । | डिभिजन वन कार्यालयको स्वीकृति पत्र मिति २०७५/०७/२७ गते जि.स.स. मा पेश गरिसकिएको । |
| ६ | खोला/नदीहरुको तल्लो भेगमा उत्खनन् गर्दा माथिल्लो भेगमा दिर्घकालिन असर पर्नसक्ने हुँदा सोका लागि आवश्यक अध्ययन गर्नुपर्ने व्यवस्था सुझावको रुपमा राख्ने । | उत्खनन् क्षेत्रको औसत गहिराई मापन गर्दा माथिल्लो भेगमा असर नपर्ने गरी मापन गरिएको छ । |
| ७ | IEE प्रतिवेदनमा प्रस्ताव गरिएको Depth भन्दा बढी गहिराई हुने गरी उत्खनन् गर्न नदिने /नपाउने कुराको सुनिश्चतता हुने गरी Control Mechanism को प्रस्ताव गर्ने । उत्खनन् कार्यको लागि Depth औसतमा १ मि. भन्दा बढी हुनेगरी प्रस्ताव नगर्ने । | पेज नं. १० को तालिका नं. २.३ मा स्पष्टसँग उल्लेख गरिएको |
| ८ | वातावरणीय प्रभाव अनुकुल योजना कार्यान्वयनमा स्थानीयबासीको सक्रिय सहभागिताको सुनिश्चितता गर्नुपर्ने । | तालिका नं. ७.१ को सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरणमा शिर्षकको नं.१ मा उल्लेख गरिएको । |
| ९ | स्थलगत अध्ययन, सार्वजनिक सुनुवाईको सारांश समावेश गर्नुपर्ने । | अनुसुची ३ मा समावेश गरिएका |
| १० | सम्बन्धित खोला तथा बगर क्षेत्रको वडाको सिफारिस, सुचना टाँसको मुचुल्का समावेश गर्ने । | अनुसुची ३ मा समावेश गरिएको |
| ११ | स्थानीय तह र अध्ययन टोलीको स्वघोषणा समावेश गर्ने । | अनुसुची ५ मा समावेश गरिएको |
| १२ | पेज नं. ५१ मा उल्लेख भएको प्राविधिक अनुगमन टोलीको व्यवस्था जिल्ला प्राविधिक कार्यालय खारेज भएको कारण हटाउने, साथै प्रस्तावित प्रतिवेदनमा नयाँ संरचना अनुसारको कार्यालयको नामहरु उल्लेख गर्ने । | नयाँ संरचना अनुसार कार्यालयको नामहरु सच्याइएको |
| १३ | प्रतिवेदनमा उत्खनन् क्षेत्रको रंगिन नक्सा र फोटो स्पष्ट हुने गरी राख्नुपर्ने । | अनुसुची २ र ४ मा राखिएको |

| | | |
|---|---|---|
| १४ | प्रारम्भिक वातावरणीय परीक्षणको Draft प्रतिवेदनमा जिल्ला समन्वय समितिबाट मिति २०७५/०५/०६ गते स्वीकृत ToR मा उल्लेख भएको बगर क्षेत्रका अलावा टिम्रेनीवेशी, जागती, कुँदारी, माभ्फिफेदा र नकाटी बगरबाट समेत ढुंङ्गा, गिट्टी, बालुवा उत्खनन्/संकलन गर्न प्रस्ताव गरिएको हुँदा स्वीकृत ToR मा उल्लेखित बगर तथा खोलाहरुबाट मात्र नदीजन्य सामग्री उत्खनन्/संकलनको प्रस्ताव गर्ने । | पेज नं. ३ को तालिका नं. २.१ मा र पेज नं. १० को तालिका नं. २.३ मा सच्याइएको । |